पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरु

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २२ गते मंगलबार ❑ 4 Feb. 2024 ❑ पृष्ठ ४+२ ❑ मूल्य रू. ५।–


## ७ वर्षमा प्रदेशमा ९ सय १ किलोमिटर सडक कालोपत्रे


पोखरापत्र संवाददाता
पोखरा, २१ माघ




२०७४ फागुन ४ गते गण्डकी प्रदेश सरकार गठन भएको हो । प्रदेश सरकार गठन भएको सातौं बर्ष पुग्दै गर्दा यस क्षेत्रका प्रदेश बासीले प्रदेशबाट अनुभुती हुने गरी आर्थिक बिकास र समृद्धि हासिल गर्ने के कस्ता योजनाहरु बाट जनताले लाभ लिन सके भन्ने बिषयमा हामीले बुझ्ने प्रयास गरेका छौं ।

नेकपा एमाले पृथ्वीसुब्बा गुरुङ नेतृत्वमा गण्डकी प्रदेशमा गठन भएको सरकारले सुरुमै निकै महत्वकाक्षि योजनाहरु ल्यायो । प्रदेश सरकारले नियम कानून ऐनहरु बनाउदै गर्दा एक बर्ष बितेको पत्तै भएन दोश्रो बर्षमा विश्व महामारी कोडिभ १९ को मारले गर्दा प्रदेश सरकार पनि त्यसबाट प्रभावित भएको लक्ष्य र उद्धेश्य अनुरुपका बिकास निर्माण गर्न भने सकेन् ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रालय अनय मन्त्रालयकोहरु भन्दा बढी बिकास र बजेट भएको मन्त्रालयको रुपमा रहेको छ । हरेक बर्ष जसो न्यूनतम ३८ देखि ४५ प्रतिशतसम्म बजेट विनियोजन हुदै आएको यस मन्त्रालयको काम कार्वाहीले समग्र प्रदेशको आर्थिक बिकास र समृद्धिको अभियानलाई टेवा पुग्ने विश्वास गरिएको छ । साना र टुक्रे योजनाले गर्दा गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रालयले देखिने गरी धैरै काम गर्न सकेन् । प्रदेश सरकार स्थापना भए देखि हालसम्म ७ बर्षमा करिब ७५ अर्ब भन्दा बढी बजेट खर्च भएको छ ।

गण्डकी प्रदेशमा हालसम्म ९ सय १ किलोमिटर सडक कालेपत्रे भएको छ । आर्थिक बर्ष २०८०/०८१ मा मात्र २ सय ३३ किलोमिटर सडक कालोपत्रे भएको मन्त्रालयका सचिव ई.कमल कुमार अधिकारीले बताए । प्रदेश सरकार स्थापना भए देखि हालसम्म ६ सय ९६ किलोमिटर सडक ग्राभेल भएको छ भने गत बर्ष ९७ किलोमिटर सडक ग्राभेल भएको थियो । गण्डकी प्रदेशमा हालसम्म १ सय ६ वटा सडक पुल निर्माण भएका छन भने गत आर्थिक बर्ष २०८०/०८१ मा २१ वटा सडक पुल निर्माण भएका हुन् । त्यसै गरी गण्डकी प्रदेश सरकार स्थापना भए देहि हालसम्म ८२ वटा झोलुङ्गे पुल निर्माण गरेको छ भने २२ वटा भवन तथा २ हजार वटा जनता आवासका घरहरु निर्माण भएका छन्। गत बर्ष १९ वटा झोलुङ्गे पुल, ८ वटा भवन र २ सय वटा जनता आवासका घरहरु निर्माण भएको मन्त्रालयले जनाएको छ। त्यसै गरी भौतिक पुर्वाधार तर्फ चालु आर्थिक बर्ष २०८१/०८२ मा १ हजार ८ सय ४६ वटा साना तथा ठुला विभिन्न योजनाहरु विजनियोजन भएको छ जसको बजेट भने ११ अर्ब ९९ करोड ५२ लदाख ७५ हजार रहेको सचिव ई. अधिकारीले बताए । चालु बर्षमा सडक तर्फ १ हजार ५ सय ३०, सडक पुल तर्फ १ सय ५८ वटा, झोलुङ्गे पुल तर्फ ४४ वटा, भवन तर्फ २८ वटा र अन्य (लालबसाली, पूर्वाधार निर्माण, बाढी पहिरो लगायतका योजना) मा ८६ वटा योजना रहेका छन् ।

बहुबर्षीय योजानको दाहित्व २ अर्ब ५० करोड रहेको छ भने प्रदेश सरकारले अझै पनि जग्गा प्राप्ती गर्न नसक्नु वातावरणीय समस्या र दरवन्दी अनुसारका कर्मचारीको पदपुर्ति हुन नसक्नुले प्रदेशका योजनाहरु अघि बढाउन कठिन भएको सचिव ई.अधिकारीले जनाए । धैरै साना तथा टुक्रे योजना भएकोले गर्दा प्रदेश सरकारले अझ जनताको महशुस हुने गरी धैरै काम गर्न नसकेको उनले सुनाए। वडाहरुले हाल्ने बजेट प्रदेश सरकारले पनि २/३ लाखका योजनाहरु राख्दा प्रदेश सरकारलाई ती योजना कार्वान्वयन गर्न कर्मचारी व्यबस्थापन गर्न र बजेट फरफारक गर्न निकै झनझटीलो भएको छ । पूर्वाधार तर्फ प्रदेश सरकारले न्यूनतम १० लाख राख्ने नयाँ नीति ल्याएसंगै हाल साना तथा टुक्रे धैरै योजना कटौती भएको छ । चालु आर्थिक बर्षमा १० लाखसम्मका १२ वटा योजनाहरु परेका छन जुन योजना कार्वान्वयन गर्न ५१ लाख ७५ हजार बजेट विनियोजन भएको छ। त्यसै गरी१० देखि २० लाखका २ सय ५४ योजना कार्यान्वयन गर्न३१ करोड १६ लाख ८७ हजार बजेट विनियोजन भएको छ भने २० देखि ५० लाखसम्मका १ हजार २२ वटा योजनालाई कार्यान्वयन गर्न २ अर्ब ७१ करोड ७३ लाख ८३ हजार बजेट विनियोजन भएको छ। त्यस्तै ५० लाख देखि १ करोडसम्मका २ सय ६३ वटा योजना कार्यान्वयन गर्न १ अर्ब ६० करोड ५३ लाख १८ हजार बजेट विनियोजन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुरुकुल संस्कार सिकाउने कर्मस्थल भएकाले संरक्षण जरुरी: प्रदेश प्रमुख भट्ट


पोखरापत्र संवाददाता
पोखरा, २१ माघ





गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले गुरुकुल संस्कार सिकाउने कर्मस्थल भएकाले संरक्षणको जरुरी रहेको बताउनुभएको छ ।

श्री केदारेश्वर वैदिक गुरुकुल विद्याश्रम, पोखराको आठौं वार्षिकोत्सवमा प्रमुख अतिथि भट्टले मानवीय धर्म र चेतनालाई उजागर गर्ने स्रोत नै गुरुकुल भएकाले यिनको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व भएको उल्लेख गर्नुभयो ।

'गुरुकुल आशाका केन्द्र हुन्। भरोसाका दृढ विश्वास हुन्। संस्कार सिकाउने कर्मस्थल हुन्। गुरुकुल शिक्षाको केन्द्र मात्र नभई विद्याका केन्द्र रुपमा बुझ्नुपर्ने हुन्छ ।' उहाँले भन्नुभयो – ' पछिल्लो समय मानिसहरू परम्परागत ज्ञानबाट झनै टाढा बन्दै गएका छन् । प्राचीन गुरुकुलीय शिक्षण विधि ज्यादै महत्वपूर्ण र अनुसन्धानमूलक भए पनि हामीले विस्तारै हाम्रा अमूल्य निधिलाई बिर्सँदै गइरहेका छौं।'

आजको शिक्षा नीतिमा नैतिकता, आदरभाव, सम्मान, संस्कृति र संस्कारलाई मानमर्यादा गर्ने परम्पराको अभाव देखिएकाले यसलाई पूर्ति गर्न नैतिक शिक्षा वा संस्कृत शिक्षालाई अनिवार्य विषयका रूपमा पाठ्यक्रमभित्र समावेश गर्नुपर्ने मागप्रति आफू सकारात्मक रहेको उहाँको भनाई छ । गुरुकुललाई जीवन्त बनाउन र त्यसमा रहेको जनशक्तिलाई नेपालको शिक्षानीतिसँग जोड्न अनिवार्य रहेको भन्दै उहाँले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरिएको पाठ्यक्रम अध्यापन गराएर मूल शिक्षाको धारमा गुरुकुललाई ल्याउने सरकारको शिक्षा नीति रहेको बताउनुभयो । जसले गुरुकुल, गुम्बा र मदरसालाई समेट्न प्रयास गरेको उहाँको भनाई छ ।

सांस्कृतिक, धार्मिक एवं पर्यटकीय नगरी पोखरामा फेवातालको उत्तरी तट बैदाममा अवस्थित श्री केदारेश्वर महादेव मन्दिर वि.सं. १९५० देखि १९६० को दशकमा स्वर्गद्वारी महाप्रभुका अनन्य शिष्य स्वामी शंकरा नन्दजीद्वारा स्थापित मन्दिर हो । स्थापनाकालदेखि नै जप, तप, ध्यान, साधनाको केन्द्रको रूपमा प्रसिद्ध यो मन्दिर आफ्नो भव्यता एवं दिव्यताले श्रद्धालुहरूका लागि आज पनि उत्तिकै आस्थाको थलोको रुपमा रहेको छ ।

यहाँ श्रावणमासमा बोलबम मेलालगायत वर्षभरिका विभिन्न चाडपर्वहरूमा विशेष उत्सवका साथ भगवद् आराधना गर्दै भक्तजनहरूमा आस्था, भक्ति, अभिवृद्धि गरिनुका साथै समय समयमा विशेष अनुष्ठानको माध्यमले सनातन संस्कृतिको प्रचारसार र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको विद्याश्रमले जनाएको छ ।

यहाँ नैतिक, चरित्रवान्, कर्मठ एवं इमान्दार नागरिक तयार पार्ने उद्देश्यका साथ अर्घाखाँची जन्म भई लामो समय काशी अध्ययन, अध्यापन गर्नुभई यो मन्दिर तथा गुरुकुललाई कर्मभूमि बनाई १० वर्ष अघिदेखि स्वामी चिद्धन चैतन्य डा. लेखनाथ आचार्यको संकल्पमा २०७३/७४ देखि निःशुल्क आवासीय गुरुकुलको स्थापना गरिएको छ ।

यस विद्याश्रममा नेपाल सरकारको गुरुकुलीय पद्धति अनुसार दैनिक अंग्रेजी, सामाजिक, गणित, नेपाली, कम्प्युटर तथा संस्कृत तर्फ वेद, व्याकरण, संस्कृत भाषा, कर्मकाण्ड ज्योतिष लगायत पुराण इतिहासको पनि अध्ययन भई रहेको र सांस्कृतिक भजन किर्तन पनि दैनिक रुपमा सञ्चालन भइरहेको छ । यो विद्याश्रममा भर्ना हुन र अध्ययनको लागि कुनै पनि शुल्क नलाग्ने आवास, शिक्षा, भोजन, पोशाक आदी सम्पूर्ण निःशुल्क व्यवस्था छ ।

## 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा सामूहिक प्रयास आवश्यक छ'


पोखरापत्र संवाददाता
पोखरा, २१ माघ




एकतावद्ध भएमा बहुमत प्राप्त पार्टी बनाउन सकिन्छः सभापति देउवा

पोखरा, २१ माघ । नेपाली काँग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले एकतावद्ध भएमा पार्टीलाई बहुमत प्राप्त पार्टी बनाउन सकिने बताउनुभएको छ ।

नेपाली काँग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा सोमबार पोखरामा आयोजित प्रदेश सभापति तथा प्रदेश प्रशिक्षण विभाग प्रमुखको लागि संगठन र समसामयिक सन्दर्भमा अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै उहाँले विद्यमान समावेशी, समानुपाति राजनीतिले एउटा पार्टीको बहुमत आउन गाह्रो भएपनि एकतावद्ध प्रयास भएमा आगामी दिनमा बहुमत प्राप्त पार्टी बनाउन सकिने बताउनुभयो । "अहिले समावेशी, समानुपातिक राजनीति हामीले सुरु गरेका छौं, यो राजनीतिले कुनै एउटा पार्टीको बहुमत आउन गाह्रो छ", उहाँले भन्नुभयो, "तैपनि हामीले सबै भन्दा ठूलो पार्टी बनाउन सफल भएका छौं । त्यसका बाबजुद पनि सबै पार्टीका साथीहरूमा एकता भयो भने भोलिका दिनमा हामीहरू बहुमत प्राप्त गर्नसक्ने पार्टी पनि बन्न सक्दछौं ।" हाम्रो देशको संविधान, राजनीति पनि समावेशी, समानुपातिकमा आधारित रहेको बताउँदै सभापति देउवाले यसले विभिन्न जातजाति युक्त हाम्रो मुलुकका सबैलाई प्रतिनिधित्व गराएको बताउनुभयो । विपी, गणेशमान, कृष्णप्रसाद, गिरिजाप्रसाद लगायत नेताहरूले सुम्पनुभएको जिम्मेवारीलाई पूरा गर्न एकता जरुरी रहेको उहाँले बताउनुभयो। संघर्षमा जगमा प्राप्त लोकतन्त्र, संघीयता, समावेशीतालाई सुदृढ गर्न जरुरी रहेको उहाँले बताउनुभयो। देशको विकासकालागिअधिकारकोविकेन्द्रकरण हुनुपर्ने कुरालाई दृष्टिगत गरी संघीय राजनीतिमा अघि बढीएको बताउँदै उहाँले अब देशको सबै स्थानको विकास हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। प्राप्त अधिकारको सदुपयोग गर्दै विनम्रताका साथ अघि बढ्नु जरुरी भएको भन्दै उहाँले जनताको सेवा गर्ने व्यक्तिका रुपमा आँफू भित्रैबाट भावना आउनुपर्ने र जनताको सेवक भएर खट्न पार्टीका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

हाम्रा परिवर्तन, विद्यमान व्यवस्थालाई जनताको पूर्ण रुपमा समर्थन र सहयोगका साथै आफ्नो भन्ने भावना सिर्जना हनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पोखरामा सुरु भएकोयस प्रशिक्षण एवम् अभिमुखीकरण कार्यक्रमले पार्टीको आगामी कार्यदिशा तय गर्नुका साथै विद्यमान समस्याहरूको समाधानका लागि उचित मार्ग निर्देश गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । नेपाली काँग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख एवम् पार्टीका उपसभापति पूर्णबहादुर खड्काले पार्टीको प्रशिक्षण कार्यक्रम केन्द्र, प्रदेश, जिल्ला एवम् निर्वाचन क्षेत्र मार्फत तत्तत् निकायमा सञ्चालन हुने जानकारी दिनुभयो । पार्टीको प्रशिक्षण पुस्तिका निर्माणको तयारी समेत गरिएको जानकारी दिदै उहाँले उक्त पुस्तिकाको ड्राफ्टलाई अन्तिम रुप दिनका लागि पार्टीका निकायहरूमा छलफलका लागि पठाइसकिएको बताउनुभयो । माघ मसान्त भित्रमा सुझावहरू संकलन गरी त्यसलाई अन्तिम रुप दिइने उहाँले बताउनुभयो ।

प्रशिक्षणबाट नेता तथा कार्यकर्तामा निराशा नभै आशा जगाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टीको ऐतिहासिक मूल्य मान्यता र विरासतलाई विर्सन नहुने बताउनुभयो । पार्टीमा सबैलाई समेटेर लैजानुपर्ने बताउँदै उहाँले प्रत्येक निकायलाई बलियो बनाउने गरी अघि बढ्नु जरुरी भएको धारणा राख्नुभयो । पोखरामा भएको यस कार्यक्रमले पार्टीमा नयाँ उत्साह भर्नेउहाँले विश्वासव्यक्त गर्नुभयो । एक दिवशीय प्रशिक्षण एवम् अभिमुखीकरण कार्यक्रममा सातवटै प्रदेशका पार्टी सभापति, सातवटै प्रदेशका प्रशिक्षण विभाग प्रमुख, पार्टीका केन्द्रीय पदाधिकारी, कास्की जिल्लामा रहनुभएका केन्दीय सदस्य तथा प्रदेशका पदाधिकारी सहभागी रहनुभएको नेपाली काँग्रेस गण्डकी प्रदेश प्रचार प्रसार विभागका उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# गण्डकी प्रदेशमा दिवा शिशु स्याहार केन्द्रको समुद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र पोखरा महानगरपालिकाको समन्वयमा दिवा शिशु स्याहार केन्द्रको समुद्घाटन गरिएको छ ।

पोखरा-८ स्थित श्रीराम आधारभूत विद्यालय, सिमलचौरमा स्थापना गरिएको यस केन्द्रको उद्घाटन गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले गरेका हुन् । समुद्घाटन समारोहमा मन्तव्य राख्दै मन्त्री थापाले कर्मचारीका शिशुहरूलाई सुरक्षित, स्नेहपूर्ण तथा सहज वातावरणमा हुर्कने अवसर प्रदान गर्ने उद्देश्यले केन्द्र स्थापना गरिएको बताए । उनका अनुसार कार्यालय समयमा बाबुआमा आफ्नो कार्यमा केन्द्रित



रहँदा उनीहरूका सन्तानले उचित संरक्षण, स्याहार-सुसार तथा समुचित विकासको अवसर प्राप्त गर्नेछन् ।

"हाम्रो उद्देश्य व्यवस्थित, पारदर्शी र प्रभावकारी केन्द्र सञ्चालन गर्दै कर्मचारीहरूलाई आफ्नो कर्तव्यप्रति अझ प्रेरित गर्नु हो । यस कदमले कार्यस्थलमा उत्पादकत्व वृद्धि गर्दै समाजमा परिवारमैत्री वातावरण सिर्जना गर्न योगदान गर्नेछ", उनले भने । केन्द्रको प्रभावकारी सञ्चालनका लागि सहकार्य आवश्यक रहेको भन्दै मन्त्री थापाले सबै सरोकारवालालाई सहयोगका लागि धन्यवाद व्यक्त गरेका छन् ।

कार्यक्रममा बोल्दै मन्त्रालयकी सामाजिक विकास महाशाखा प्रमुख मुना अधिकारीले प्रदेश सरकारले प्राथमिकता र महत्वका साथ शिशु स्याहार केन्द्रको स्थापना गरेको उल्लेख गरिन् । सरकारी कर्मचारीका ६ महिना देखि तीन वर्षसम्मका शिशुहरुलाई उक्त स्याहार केन्द्रमा राख्न सकिने बताइन् । यसका लागि दक्ष मन्टेश्वरी तालिम प्राप्त कर्मचारीको व्यवस्थापन गरिएको भनाई उनको छ । बालबालिकाको पोषण र बालबिकासलाई ध्यानमा राखेर सेवा प्रवाह गर्ने उनले बताइन् । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका पदाधिकारीहरू, पोखरा महानगरपालिकाका प्रतिनिधिहरू, विद्यालय प्रशासन, अभिभावक तथा सरोकारवाला व्यक्तिहरूको उपस्थिति रहेको थियो । दिवा शिशु स्याहार केन्द्रको स्थापना भएसँगै सरकारी कर्मचारी तथा अन्य अभिभावकलाई कार्यस्थलमा सहजता मिल्ने विश्वास गरिएको छ ।

# सवारी दुर्घटनामा परी छ महिनामा ३८ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ माघ

पृथ्वीराजमार्गअन्तर्गतयहाँको आँबुखैरेनी गाउँपालिका-१ सत्रसयमा शुक्रबार यात्रुवाहक बस दुर्घटना भयो । अनियन्त्रित भई सडकमा बस पल्टिँदा एक जनाको मृत्यु भयो भने १३ जना घाइते भए ।

पृथ्वी राजमार्गकै व्यास नगरपालिका-१२ घाँसीकुवामा शनिबार राति ग्याँस बोकेको बुलेट ट्याङ्कर दुर्घटना हुँदा चालकको मृत्यु भयो । यी केही उदाहरण मात्रै हुन्, जिल्लामा पछिल्लो छ महिनामा सवारी दुर्घटनामा परी ३८ जनाले ज्यान गुमाएका छन् । मुग्लिन - पोखरा सडकखण्ड विस्तारसँगै फराकिलो सडकमा तीव्र गतिका कारण दुर्घटना बढेको हो ।

गत आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा जिल्लामा दुर्घटनामा परी २२ जनाको मृत्यु भएको थियो । जिल्लामा सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी दुर्घटनामा परेका छन् । मोटरसाइकल र स्कूटर बढी दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक अशोक थापाले जानकारी दिनुभयो ।

पृथ्वीराज मार्गअन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस बढी दुर्घटना हुने स्थानहरु हुन् । विगतमा सडकको दुरावस्थाले सवारी दुर्घटना हुने गरे पनि हाल सडक विस्तारले गर्दा झनै दुर्घटना बढाएको प्रहरीको अनुमान छ ।

दुर्घटना न्यूनीकरणका लागि प्रहरीले विद्यालय, समुदायस्तरमा पुगेर सचेतनामूलक कार्यक्रम गर्दै आएको छ । आव २०७९/८० मा सवारी दुर्घटनामा परी २९ जनाको मृत्यु भएको थियो । त्यस्तै आव २०७८/७९ मा दुर्घटनामा परी ४९ जना, २०७७/७८ मा ४८ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका थिए । त्यसैगरी आव ०७६/७७ मा ४४ र ०७५/७६ मा ६० जनाले सवारी दुर्घटनामा ज्यान गुमाएको जिल्ला प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

# डिफेण्डिङ च्याम्पियन शान्ति निकुन्जको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

डिफेण्डिङ च्याम्पियन शान्ति निकुन्ज बोर्डिङ स्कुलले विजयी सुरुवात गरेको छ । पोखरामा जारी चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ अर्न्तगत सोमबारको खेलमा साविक विजेता शान्ति निकुन्जले गुप्तेश्वर वेद विज्ञान पाठशालालाई ७-० को एक तर्फी फराकिलो गोल अन्तरले पराजित गऱ्यो । शान्ति निकुन्जको जितमा म्यान अफ दी म्याच घोषित इन्द्र बहादुर बि.क.ले ह्याट्रिक, टानसेन जुग्जालीले २ र सवनिल अधिकारीले एक गोलको योगदान दिनु भयो । उक्त प्रतियोगितामा पहिलो पटक सहभागि भएको गुप्तेश्वर वेद विज्ञानको टोलीले शान्ति निकुन्जलाई एक गोल उपहार दियो । गुप्तेश्वर वेद विज्ञानका हेमराज कंडेललाई प्रोत्साहन स्वरुप ट्रफी प्रदान गरिएको थियो ।

पोखराको ड्याम साइड क्लवको आयोजनामा सोमबार भएको पहिलो खेलमा भने एल.पी. देवकोटा मेमोरियलले छोरेपाटन माविलाई सडेन डेथमा पराजित गऱ्यो । निर्धारित समयमा दुबै तर्फ गोल रहित बराबरीमा पुगे पछि टाईब्रेकरमा पनि दुबै तर्फ ३/३ गोल भए पछि सडेन डेथमा एल.पी.देवकोटाले जित हासिल गरेको हो । टाईब्रेकरको सडेन डेथमा ६-५ को गोल अन्तरले एलपीले जित हात पार्न सफल भयो ।

सडेन डेथमा छोरेपाटनका अरुन लिम्बुले पेनाल्टी सुटमा गोल गर्न चुक्दा एलपीका सफल रेग्मीले पेनाल्टीमा गोल गर्नु भएको हो । एलपीका प्रिन्स गुरुङ खेलमा म्यान अफ दी म्याच घोषित हुनु भयो । सोमबारको दोश्रो खेलमा श्री जानकी माविले बालोदय बोर्डिङ स्कुललाई टाईब्रेकरमा ४-२ को गोल अन्तरले पराजित गऱ्यो । २५/२५ मिनेटको निर्धारित समयमा दुबै तर्फ गोल हुन नसके पछि खेल टाईब्रेकरमा धकेलिएको हो । श्री जानकीका गोलरक्षक प्रबेश श्रेष्ठ खेलमा म्यान अफ दी म्याच घोषित हुनु भयो । क्लवका पूर्व खेलाडी हाल अमेरीकामा बस्दै आउनु भएको कुमार शेरचन, अध्यक्ष बराल लगायतले म्यान अफ दी म्याच ट्रफी वितरण गर्नु भएको थियो । तेश्रो खेलमा ओम एकेडेमीले सहज जित दर्ता गऱ्यो । प्रतियोगितामा एक्स आर्मी पब्लिक स्कुल सहभागि नभई वाकओभर दिएसगै ओम एकेडेमीले दोश्रो चरणमा यात्रा बनाएको हो ।

त्यसै गरी भोलि (मंगलबार) पहिलो चरणका ४ खेल हुने भएको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो । यसैबिच, यही माघ २६ गतेसम्म संचालन हुने प्रतियोगितामा १९ बिद्यालयको सहभागिता रहेको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनु भयो ।

७ दिनसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएका छन् ।

# गण्डकी प्रदेश सरकारको स्थापना दिवसको अवसरमा मंगलबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

गण्डकी प्रदेश सरकारको स्थापना दिवसको अवसरमा मंगलबार सार्वजनिक बिदा हुने भएको छ । गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषदको सोमबार बसेको निर्णयानुसार गण्डकी प्रदेश स्थापना दिवसको अवसरमा मंगलबार सार्वजनिक बिदा दिने निर्णय गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका उपसचिव सुरण प्रसाद शर्मा पौडेलले जनाउनु भयो ।

गण्डकी प्रदेशभित्रका सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थानमा सार्वजनिक बिदा दिने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि उक्त सूचना जारी गरिएको उहाँले जनाउनु भयो । यसअघि माघ २२ मा गण्डकी प्रदेश सभा र फागुन ४ गते प्रदेश सरकार स्थापनाको छुट्टा छुट्टै सार्वजनिक बिदा दिदै आएकोले अब देखि माघ २२ गतेलाई नै गण्डकी प्रदेश सरकार स्थापनाको दिन मनाउने निर्णय बमोजिम मंगलबार बिशेष कार्यक्रम सहित स्थापना दिवस मनाउने भएको हो ।

## ७ वर्षमा ...

भएको छ । १ करोड माथिका २ सय ९५ योजनालाई ७ अर्ब ३५ करोड ५७ लाख १२ हजार बजेट विनियोजन भएको छ । चालु वर्ष कुल बजेटको ३८ प्रतिशत भौतिक पूर्वाधार बिकास अर्न्तगत बिनियोन भएको दाबी छ । संघ सरकारबाट प्राप्त हुनुपर्ने अनुदान घट्दा काम भएका योजनामा बजेट अभाव रहेको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए । गत वर्ष संघ सरकारले करिब २ अर्ब अनुदान नपठाएको बताउँदै मुख्यमन्त्री पाण्डेले गत वर्ष अनुदान नआउँदा अहिले पनि प्रदेश सरकारलाई करिब ३ अर्बको आर्थिक दायित्व सृजना भएको उनले उल्लेख गरे । योजना छनौट भएर कार्यन्वयनमा गएपछि बजेट कार्टिँदा प्रदेश सरकारको दायित्व बढेको उनले जनाए ।

पूर्वाधार बिकास तर्फ पहिलो चौमासिकमा १० प्रतिशत प्रगति भएको छ । गत वर्षको यो अवधीमा करिब ७ प्रतिशत प्रगति थियो । 'यो प्रक्रियागत चरण हो, ठेक्का लगाउने समय हो, दोस्रो, तेस्रो चौमासिकमा प्रगति बढ्ने नै छ' मुख्यमन्त्री पाण्डेले मातहतका कार्यालय प्रमुखहरुलाई निर्देशन दिँदै भने 'यस वर्षको अन्त्यसम्म ८० प्रतिशत भन्दा बढि प्रगति गर्ने हाम्रो लक्ष्य अनुरुप हामी लाग्नु पर्छ ।' कुनै ऐन कानुनका कारण काम गर्न समस्या भएमा आउँदो हिउँदे अधिवेशनमा पेश गर्न प्रदेशका सबै मन्त्रालयलाइ उहाँले आग्रह गरे । कर्मचारी अभावमा प्रदेशले नतिजा दिन कठिन भएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले करारमा कर्मचारी राख्न गण्डकी प्रदेश सरकारले निजामती सेवा ऐन संशोधन अध्यादेश ल्याउने जनाए । करारमा कर्मचारी राख्न निजामती सेवा ऐनको खिलाफ हुने भएकाले सरकारले अध्यादेश ल्याउन बाध्य भएको उनले बताए । हालै बसेको मन्त्रिपरिषद्को बैठकले मन्त्रालयहरूमा कर्मचारी अभाव भएकाले करारमा कर्मचारी राख्न अध्यादेश ल्याउन लोकसेवा आयोगसँग राय माग्ने निर्णय गरेको थियो । प्रदेशमा ११ जिल्लामा रहेका पूर्वाधार विकास कार्यालय, निर्देशनालय, एसियाली बिकास बैंकको सहयोगमा ग्रामिण सडक सञ्जाल सुधार आयोजना (आरसिआईपि) मार्फत विकास सम्बन्धि कार्यक्रम संचालन हुने भएको उनले जनाए । ३ सय ७१ जनाको दरवन्दी रहेको छ भने विभिन्न कार्यक्रमः हरेक स्थानित तहको केन्द्रमा सडक संजाल जोड्ने लक्ष्य राखिएको छ । हालसम्म १४ वटा पालिका १ सय ७२ किलोमिटर सडक संजाल जोडिएको सचिव अधिकारीले बताए । गोर्खाको चुमनुब्रिमा ३० किलोमिटर, धार्चो गाउँपालिकाको ३० किलोमिटर, शहिदलखन गाउँपालिकामा ७, गण्डकी गाउँपालिकामा साँढे ८ किलोमिटर, वारपाक सुलिकोटमा १० किलोमिटर रहेको छ । लमजुङको कोलासोथरमा १२, दुध पोखरी गाँउपवालिकामा १५ किलोमिटर, म्याग्दीको धौलागिरी गाउँपालिकामा ९, रघु गंगा गाँउपालिकामा साँढे १, बागलुङको बरेङ गाँउपालिकामा ३, काठेखोला गाँउपालिकामा १, तमाङखोलामा ८, ताराखोलामा १० किलोमिटर पक्की सडक पहुच छैन भने मनाङको नार्फुमा २८ गरी १ सय ७२ किलोमिटरमा कालोपत्रे सडक हुन बाँकी रहेको छ । एक निर्वाचन क्षेत्र एक सडक अर्न्तगत ३६ वटा निर्वाचन क्षेत्रमा ६ सय ७१ मध्य २ सय १४ किलोमिटर कालेपत्रे सडक भई सकेको सचिव अधिकारीले उल्लेख गरे । २ सय ३० निर्माणको क्रममा रहेको छ भने २ सय २६ किलोमिटर बाँकी रहेको छ । पोखरा प्रदेशको आयोजना भरी पेखरा देखि डेढगाँउ दुम्कीबास त्रिवेणी गरी ९६ किलोमिटर सडक मध्य खैरेनीटार देखि भिमात भनेको संघिय सरकारको रणनिती सडक अर्न्तगत पर्छ । भिमादबाट मानपुरप्रदेश सरकारले निर्माण गरेको ११ किलोमिटर (सिंगल लेनको वटासिल), मानपुरबाट डेढगाँउ १२ किलोमिटर, डवल लेनको अस्फालको काम ७० प्रतिशत भएको सचिव अधिकारीले बताए । डेढगाँउबाट झ्यालबास ४१ किलोमिटर सडक मध्य डेढगाँउ रुचान १४ किलोमिटर ४० प्रतिशत, दोश्रो खण्ड ७ किलोमिटरको सम्झौता भएको छ । झ्यालबास देखि रातेखोला ५ किलोमिटरको वोलपत्रको चरणमा रहेको छ । झ्यालबास देखि बाँकी १५ किलोमिटर कार्यान्वयन गर्नुपर्ने छ । झ्ायलबास देखि चोरमारासम्म करिब ६ किलोमिटर जहाँ अस्फालको काम भएको छ भने दुम्कीबास त्रिवेणी जोड्ने भएको १८ किलोमिटर जहाँ मध्यवर्ती क्षेत्र पर्ने भएकोले गर्दा वनसंग जटिलता भएको छ । वनको अनुमति दिने तथा वातावरणका कुरामा केही समस्या भएको छ ।

तत्कालिन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको बिषेश पहलमा प्रदेशको दक्षिणी नाका भारतसम्म जोड्ने गरी उक्त सडक प्रदेशको गौरवको योजनाको रुपमा अघि बढाईएको थियो । उक्त नाका खोल्न सके प्रदेशबासीलाई धेरै राहात हुने सचिव अधिकारीले जनाए ।

त्यसै गरी शालिकग्राम कोरिडोर ८६ किलोमिटर लामो छ । तनहुँ र स्याङजामा पर्छ देवघाट, २१ देखि ३१ किलोमिटर देवघाट प्रथम खण्ड तनहुँमा पर्छ, साँढे २१ सडक पूरा भएको छ, घिरिङको दोश्रो खण्ड २१ देखि साँढे ३१ किलोमिटर (१० कि.मि.) क्षेत्रमा ८० प्रतिशत प्रगती भएको छ । मधुवन टार देखि भतेरीखण्ड २६ मध्य ५ किलोमिटरको ट्र्याक खोल्न बाँकी रहेको छ । घिरिङको दासढुंगा भतेरीखण्डमा ३५ प्रतिशत प्रगती भएको छ । दासढुंगाबाट देउपुरको ६ किलोमिटर सडक सम्पन्न भएको छ । मालुङ्गा बासटारी रानीघाट रुद्रवेनि, सेतीवेनी, फलेवास कुश्मा स्याङजा पर्व खण्डको ६ किलोमिटरको ६० प्रतिशत प्रगती भएको छ ।

चालु आर्थिक बर्षमा सडक तर्फ ६ अर्ब ६२ करोड, पुल तर्फ १ अर्ब ३२ करोड झोलुङ्गे पुल तर्फ १५ करोड, भवन तर्फ २७ करोड, अन्य सालबसाली तर्फ १ अर्ब ३८ करोड गरी ९ अर्ब ७६ करोड प्रदेश सरकार मार्फत बजेट विनियोजन भएको छ । संघ सरकारबाट २ अर्ब २२ करोड विनियोजन भएको छ ।

निर्माण सामाग्रिमा केही समस्या भएको छ । कालीगण्डकी नदीमा क्रसर संचालनमा कठिनायी भएको छ । सडकको गुरुयोजना तयारी गर्दैअघि बढेको सचिव अधिकारीले जनाए । यातायात सर्भरको समस्या हुने केही समस्या छ । राइड शेयरिङ एपलाई कसरी कानूनि बाटोमा ल्याउने भनेर मन्त्रालयले गृहकार्य गरेको छ । प्रचलनमा रहेको तर यसलाई यातायात व्यबस्था ऐनमा संसोधन नभएसम्म आफुहरुलाई प्रदेशबाट ऐन कानून बनाउन समस्या हुने सचिव अधिकारीले जनाए । कार्यविधि छलफलकै क्रममा भएकोले हाल नटुङगिएको उनले जनाए । विकास साझेदारीहरुसंग सहकार्य गरी पवर्त, बागलुङ र गोर्खामा छ भने कास्कीको घट्टेखोला देखि धम्पुससम्मको योजना परेको छ । प्रादेशिक सडक गुरु योजना बनाउने मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, भौतिक पूर्वाधार बिकास तथा यातायात व्यबस्थापन मन्त्री प्रकाश केसीको योजना रहेको छ ।

आउदो बर्ष देखि परियोजना बैंक मार्फत योजनाहरु छनौट भई काम गर्ने रणनितीमा रहेको सचिव अधिकारीले जनाए । प्रशासनिक केन्द्र तथा पर्यटकीय केन्द्र, दुई वा दुई भन्दा बढी जिल्ला जोडिएका सडक संजालले जोड्ने मन्त्रालयको प्रथामिकता हुने जनाए । सडकले जोड्न नसकिने डाँडाँ काँडा भएको ठाँउहरुमा झोलुङ्गे पुल मार्फत यातायात सेवा सहज बनाउने सचिव अधिकारीले जनाए । यस मन्त्रालयबाट गत बर्ष ७६ प्रतिशत प्रगती हासिल भएको थियो भने २०७७/७८ मा ८२ प्रतिशत २०७९/०८० मा सबै भन्दा कम ५८ प्रतिशत प्रगती भएको थियो ।

# माओवादी केन्द्रका प्रदेश समिति इन्चार्ज तोकिए

**रासस**
काठमाडौं, २१ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले नेताहरूको कार्यविभाजन गरेको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निवास खुलमटारमा सोमबार बसेको पदाधिकारी बैठकले सात भौगोलिक र विशेष प्रदेश तथा प्रवास समितिमा इन्चार्जको जिम्मेवारी तोकेको हो ।

बैठकले कोशी प्रदेशमा उपमहासचिव हरिबोल गजुरेल, मधेसमा उपमहासचिव मातृकाप्रसाद यादव, बागमतीमा सचिव हितमान शाक्य, गण्डकीमा सचिव दिनानाथ शर्मा, लुम्बिनीमा सचिव चक्रपाणि खनाल, कर्णालीमा स्थायी समिति सदस्य कालीबहादुर मल्ल र सुदूरपश्चिममा उपमहासचिव गिरिराजमणि पोखरेललाई इन्चार्जको जिम्मेवारी दिएको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

बैठकले विशेष प्रदेशमा जयपुरी घर्ती, प्रवास (सार्क)मा लक्ष्मण पन्त, प्रवास (यूरोप-अमेरिका अन्तरसमिति) सचिव राम कार्की, प्रवास (एसिया) समितिमा केन्द्रीय सदस्य ओम शर्मालाई इन्चार्ज तोकिएको छ । महाचिवभन्दा माथिका पदाधिकारीले भूगोलको जिम्मेवारी नलिने निर्णय भएको उहाँले जानकारी दिनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# धार्मिक पर्यटन महोत्सव

पोखरा महानगरपालिकाले सन् २०२५ लाई भ्रमण वर्ष मनाउने भएको छ। पोखरालाई पर्यटनको राजधानी गत वर्ष घोषणा भएको थियो । पोखराका धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा संरक्षण र प्रबर्द्धन गर्ने काम पोखेलीको हो । पर्यटकीय गन्तव्य बनाउन र पर्यटकको बसाई अवधि लम्याउन पुर्वाधार बनाउने काम संघ, प्रदेश र स्थानीय सरकारको हुन्छ। पोखरा र यस आसपासलाई पर्यटकीय गन्तव्य बनाउन सके मात्र पोखरालाई केन्द्रित गर्न सकिन्छ।

पोखरा महानगरभित्र हुने धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, साङ्गीतिक र सामाजिक गतिविधिलाई पर्यटनसंग जोडेर प्रचार प्रसार गर्न प्रेरित गर्नुपर्छ। पोखरा महानगरपालिका त्यस क्षेत्रमा जोडिन खोजेको छ । केहिमा संरक्षक, केहिमा सहयोगी, प्रवर्द्धक र सहकार्य गर्न लागेको छ। प्रख्यात पर्यटकीय गन्तव्य सराङ्कोटमा फाल्गुन १४ गतेदेखि २१ गतेसम्म श्रीमद्भागवत ज्ञान महायज्ञ एवं धार्मिक पर्यटन महोत्सव हुने भएको छ । सराङ्कोटलाई धार्मिक क्षेत्रको रूपमा समेत विकास गर्ने उद्देश्यले महायज्ञ आयोजना गरिएको आयोजक समितिका अध्यक्ष प्रेमबहादुर जिसीले जानकारी दिएका छन। लामो समयदेखि यसको पुर्वाधार विकासमा खटेर काम गरेका स्थानीयहरुको पहल र सराङ्कोट धार्मिक पर्यटन क्षेत्र विकास समितिको अगुवाइमा पञ्चमुखी गणेश, विशाल शिव मन्दिर, भ्यु टावर, १०८ शिव लिङ्ग, १०८ धारा, भूमे कालिका, गणेश मन्दिर, बहुउद्देश्यीय भवन बनेको छ। ति सबै संरचना र महायज्ञ समेतको शिवरात्रिका दिन उद्धाटन गरिने छ।

धार्मिक आस्थासँगै पर्यटकलाई सराङ्कोटको प्राकृतिक सौन्दर्य र सांस्कृतिक महत्वको अवलोकन गराउने उद्देश्यले त्यस क्षेत्रलाई एक पवित्र धामका रूपमा विकास गर्न लागिएको छ । पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पर्यटनको राजधानी पोखरा सबै हिसाबले पर्यटनमैत्री बन्दै सोही अनुरूपका पूर्वाधारहरू समेत निर्माणमा जोड दिएका छन। व्यापक जनपरिचालन र अभियान सञ्चालन गरेर मात्र सफल हुन्छ।

महाशिवरात्रि जस्तो पवित्र दिनदेखि आरम्भ हुने महायज्ञले धार्मिक अनुयायीको ध्यान तान्ने मात्र होइन, महादेवप्रति भक्ति भाव व्यक्त गर्ने एउटा अनुपम अवसर पनि प्रदान गर्ने छ । यस अवसरमा भागवत ज्ञानको गहिरो अर्थ र शिक्षालाई समाजमा प्रवाह गर्दै धार्मिक एकता र शान्तिको सन्देश फैलाउने अपेक्षा रहेको महायज्ञका प्रमुख वाचक पण्डित कमलनयन गौतमको विश्वास छ । सराङ्कोट धार्मिक र पर्यटन पूर्वाधारमा ३५ करोड खर्च भएको छ। सराङ्कोटमा केवलकार निर्माण पर्यटन प्रवर्द्धन गर्न सघाउ पुऱ्याएको छ । नीजि क्षेत्रलाई विश्वास जगाउने काम सरकारको हो। सरकारले पूर्वाधारमा गरेको लगानीले मात्र पुग्दैन। सबैलाई सहयोग गर्ने वातावरण बनाउनुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गण्डकी प्रदेशसभाको हिउँदे अधिवेशन सुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ

गण्डकी प्रदेशसभाको हिउँदे अधिवेशन सोमबारदेखि सुरु भएको छ।

बैठकको सुरुमा सभामुख कृष्णप्रसाद धितालले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त प्रदेश सभाको बैठक आह्वानसम्बन्धी पत्र पढेर सुनाउनुभएको थियो।

बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश निजामती सेवा ऐन २०७९ संशोधन गर्न बनेको अध्यादेश प्रदेशसभा समक्ष पेस गर्नुभएको थियो । यस्तै, बैठकले प्रदेशसभा सदस्य विमला गौचनको निधनमा शोक प्रस्ताव पारित गरेको छ । अर्को बैठक माघ ३० गते दिनको १:०० बजे बस्ने सभामुख धितालले जानकारी गराउनुभयो।

# नागरिकको जीवन र जीविकोपार्जन सहज बनाउन सरकार लागिरहेको छः उपप्रधानमन्त्री सिंह

पोखरापत्र संवाददाता
बागलुङ, २१ माघ

उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सरकार नागरिकको जीवन र जीविकोपार्जन सहज बनाउनतर्फ केन्द्रीत भएर लागेको बताउनुभएको छ।

जिल्लाको ढोरपाटन नगरपालिकाको नवनिर्मित प्रशासनिक भवनको सोमबार उद्घाटन गर्दै उहाँले संसद्का दुई ठूला दल मिलेर बनेको सरकारले जनताको माग र आवश्यकतालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । मुलुकमा राजनीतिक अस्थिरताका कारण विकासले गति लिन नसकेको भन्दै उपप्रधानमन्त्री सिंहले हाल स्थायी प्रकृतिको सरकार बनेपछि लामो समयदेखि रोकिएका काम अगाडि बढेका बताउनुभयो । "सरकारकाविषयमाविभिन्नव्यक्तिहरूले नकारात्मक टीकाटिप्पणी गरे पनि पछिल्लो समय देशभर आशा जगाउने गरी काम अगाडि बढिरहेका छन् । मेरो नेतृत्वको सहरी विकास मन्त्रालयले पनि देशभर सुरक्षित र व्यवस्थित सहर बनाउने गरी काम गरिरहेको छ। यस कारण जसले जे भने पनि अहिलेको गठबन्धन आगामी निर्वाचनसम्म अगाडिठ बढ्छ", उहाँले भन्नुभयो । उपप्रधानमन्त्री सिंहले जनताको नजिक रहेको स्थानीय सरकारका समस्या समाधान गर्न माथिल्लो तहका सरकारबीच सहकार्य जरूरी रहेको धारण राख्नुभयो । "तीनै तहका सरकार जनताको समस्या समाधान गरी समृद्ध मुलुक निर्माणका लागि बनेका हुन् । अब एकताबद्ध र सहकार्यको भावनाका साथ जनताको पक्षमा काम गर्न जुटौं । त्यसका लागि केन्द्रीय सरकार प्रतिबद्ध छ", उहाँको भनाइ थियो।

# श्रीपञ्चमीको अवसरमा बाँगेमा सरस्वती मन्दिर सिलन्यास

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ

स्याङ्जाको फेदीखोला गाउँपालिका वडा नं. ५ बाँगेमा रहेको मैदान माध्यामिक विद्यालय परिसरमा श्रीपञ्चमीको अवसरमा विद्याकी देवी सरस्वतीको मन्दिर सिलन्यास गरिएको छ।

विद्यालयका पुर्व विद्यार्थी कृष्ण बहादुर क्षेत्री उदयले विद्यालयको परिसरमा सोमबार सरस्वती मन्दिरको सिलन्यास गर्दै सबैको अपनत्व हुने गरी सबैको सहयोगमा एक वर्ष भित्र मन्दिर निर्माण सम्पन्न गरी २०८२ पौष १० गते मन्दिरको प्राणप्रतिष्ठा गरी विद्यालयलाई हस्तान्तरण गर्ने प्रतिवद्धता व्यक्त गरेका छन्। साथै सोही अवसरमा आयोजित भेलाले मन्दिर निमार्णको लागि बाँगे पोखरा मिलन चौतारीका पुर्व अध्यक्ष एवम् बृहत फेदीखोला पोखरा सम्पर्क समाजका पुर्व अध्यक्ष, सूचना अभियान्ता तथा प्रेरणादायी पुस्तक कसरी पढ्ने, कसरी सिक्नेका लेखक, विद्यालयका पुर्व विद्यार्थी कृष्ण बहादुर क्षेत्री उदयको अध्यक्षतामा ९ सदस्यीय मन्दिर निर्माण समिति गठन गरेको छ।

समितिको उपाध्यक्षमा बुद्धिराज लामिछाने, सचिवमा थानेश्वर शर्मा पौडेल, कोषाध्यक्षमा नरहरी पनेरु, सहसचिवमा सुनिल क्षेत्री र सदस्यहरुमा मिनकाजी गुरुङ, चन्द्रबहादुर नेपाली (दिपक), एक प्रसाद गुरुङ, मनबहादुर क्षेत्री सर्वसम्मत चयन भएका छन्। त्यस्तै मिडिया संयोजकमा दरबारथोक एडभरटाईजिङ एण्ड मिडिया प्रालिका अध्यक्ष कृष्ण रानाभाटलाई सर्वसम्मत चयन गरिएको छ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला चापाकोट नगर पालिका वडा नं. ४ निवासी भारतीय सेनामा कार्यरत सैनिक नं १३७३९३४८ का नायक मेघ बहादुरको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भल कुमारी सिंह ठकुरी, जन्ममिति २०१२/०७/१९ भएको र निजको भारतीय सेनाको अभिलेखमा नामथर बल कुमारी, जन्ममिति सन् १९६० फेब्रुअरी १० कायम भएतापनि दुवै नामथर र जन्ममिति भएको व्यक्ति अलग-अलग नभई एकै व्यक्ति भएको प्रमाणित गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ४ नं. वडा कार्यालयको च.नं. ४०० मिति २०८०/०८/०८ गतेको पत्रबाट लेखी आएकोले सोही व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**


# अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल ब्रदरहुड, युके मास्टर्स र बानेश्वर भेट्रान्स च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ




'स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागि नौलो आयाम' भन्ने नारासहित पोखराको टुंडिखेलमा बगर भाइखलकद्वारा आयोजित १४ औं अन्तर्राष्ट्रिय भेट्रान्स एट ए साइड फुटबल प्रतियोगिता सम्पन्न भएको छ।

तिन वटा उमेर समूहमा (४० वर्ष, ५० वर्ष र ६० वर्षमाथि) भएको प्रतियोगिताको ४० वर्षतर्फ ब्रदरहुड काठमाडौं च्याम्पियन बनेको छ। फाइनल खेलमा गार्डेन एफसीलाई २-० गोल अन्तरले पराजित गर्दै ब्रदरहुड च्याम्पियन बनेको हो । उपाधि जितेको ब्रदर हुडले नगद रु २ लाख, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो। यस्तै उपविजेता बनेको गार्डेनले नगद रु १ लाख शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो । उक्त विधामा ब्रदरहुड भेट्रान्सका बुद्धराज लिम्बु सर्वोत्कृष्ट खेलाडीबाट पुरस्कृत भए। यस्तै सोही टिमकै गोलरक्षक मिन बहादुर बस्नेत, सोही टिमकै अंगुर कुमार खड्की उत्कृष्ट स्ट्राइकर, गार्डेनका विनोद गुरुङ उत्कृष्ट मिडफिल्डर, सोही टिमकै किरण गुरुङ उत्कृष्ट डिफेण्डर र ब्रदुहुडका कोमल खवास उत्कृष्ट प्रशिक्षकबाट पुरस्कृत भए।

यस्तै ५० वर्ष उमेरसमूहतर्फ बानेश्वर भेट्रान्सले हेटौडा भेट्रान्सलाई ५-० गोल अन्तरले पराजित गर्दै बोनेश्वरले उपाधि जित्यो । उपाधि जितेको बानेश्वरले नगद रु १ लाख, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो। यस्तै उपविजेता बनेको हेटौडाले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो। उक्त विधाबाट बानेश्वरका हरिहर थापा सर्वोत्कृष्ट खेलाडी बन्दै पुरस्कृत भए।

६० वर्षतर्फ युके मास्टर्स देहरादुनले सिडिएफए चितवन भेट्रान्सलाई १-० गोल अन्तरले हराउँदै च्याम्पियन बन्यो । युके मास्टर्सले उपाधिसँगै नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो । भने, उपविजेता चितवन भेट्रान्सलाई नगद रु ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरेको भाइखलकका अध्यक्ष इश्वरमान गुरुङले जानकारी दिए । उनका अनुसार उक्त विधामा देहरादुनका भरत घोसाई सर्वोत्कृष्ट खेलाडी बने। प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, चिरायु नेशनल अस्पतालका प्रतिनिधि, पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना पोखरा १ का वडाध्यक्ष साहरा प्रधान, तमु धि युकेका प्रतिनिधि, बगर भाइखलक युकेका प्रतिनिधि, भाइखलकका सल्लाहकारहरु लगायतले पुरस्कार वितरण गरेका थिए । गत १५ गतेदेखि सुरु भएको प्रतियोगितामा भारतको देहरादुन, काठमाडौं, ललितपुर, चितवन, सिरहा, हेटौंडा, सर्लाही, बुटवल,सिमरा,कैलाली, झापा, बिर्तामोड र पोखरा लगातयका ३९ टिमको सहभागिता रहेको थियो।

# कान्तिपुर डेन्टलको २५औं वार्षिकत्सव

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ



पोखरको न्युरोडमा रहेको कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस एण्ड डेन्टल अस्पतालले २५ औं बार्षिक उत्सव तथा रजत जयन्ती सोमबार मनाएको छ।

रजत जयन्तीको अवसरमा भएको कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्ण पाठकले कान्तिपुर इन्स्टिच्युटमा अध्ययन गरेर बिद्यार्थीले आफ्नो भबिष्य निमार्ण गर्न सहज भएको बताए। मन्त्री पाठकले इन्स्टिच्युटमा अध्ययन पश्चात नेपालमै काम गर्न बिद्यार्थीलाई आग्रह गरे। पोखरा बिश्वबिद्यालयका डिन डा. अमर नागिलाले डेण्टल अस्पतालको रुपमा स्थापित कान्तिपुर डेण्टल हस्पिटलले बिद्यार्थी उत्पादन सगैं उपचार सेवामा गरेका कामको प्रंशसा गरे। कार्यक्रममा गण्डकी प्रदेश सभा सदश्य सुनिता थापा, अस्पतालका सिइओ प्रतिकमान श्रेष्ठ, ने.डे.ए कास्कीका अध्यक्ष डा.सपना लक्ष्मी तुलाधर, रोटरी कल्व अफ पोखराका उदिप श्रेष्ठ, कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्स एण्ड डेन्टल अस्पतालका अध्यक्ष बुद्धिमान श्रेष्ठ, इन्स्टिच्युट प्राध्यापक हिमाल भुसाल लगाएतले बोलेका थिए। यसै बिच रजक जयन्तीको अवसर पारेर अस्पतालले कोपिला नेपाल,मानव सेवा आश्रम र सृजनशिल बाल आश्रममा आश्रितहरुको लागि निशुल्क दन्त परिक्षण र उपचार समेत गरेको हो । कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस एण्ड डेन्टल अस्पतालमा हाल सिटिइभिटिबाट सम्बधन प्राप्त गरि डिप्लोमा तहका ४ वटा फ्याकल्टी सञ्चालन गदै आइरहेको छ भने ३ सय ७१ जना बिद्यार्थीले अध्यन गरिरहेका छन्।

# म्याग्देमा गण्डकी प्रदेशस्तरीय फुटबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
तनहुँ, २१ माघ

म्याग्दे गाउँपालिकाले गण्डकी प्रदेशको पालिका स्तरीय नकआउट फुटबल प्रतियोगिता गर्नेभएको छ।

'म्याग्देको पर्यटन विकासका लागि खेलकुद' भन्ने मूल नाराका साथ आगामी फागुन १३ देखि २२ गतेसम्म वडा नम्बर ५ को छाङपाटन खेलमैदानमा उक्त प्रतियोगिता गरिने गाउँपालिकाले जनाएको हो । फुटबल खेलाडी उत्पादनमा उर्वर भूमिका रुपमा परिचित रहेको भन्दै गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले खेलकुदको माध्यमबाट म्याग्देको थप पहिचान गराउन उक्त प्रतियोगिता आयोजना गर्न लागिएको बताउनुभयो।

सो फुटबल प्रतियोगिताको प्रथम पुरस्कार राशि करसहित रु तीन लाख रहेको छ। त्यस्तै द्वितीय पुरस्कार रु एक लाख ५० हजार तथा विजेता र उपविजेता टिम र खेलाडीलाई ट्रफी, मेडल र प्रमाण-पत्रसमेत प्रदान गरिने जनाइएको छ । सेमिफाइनल पुग्ने दुई टिमलाई रु १५/१५ हजार, ट्रफी, मेडल र प्रमाण-पत्र प्रदान गरिनेछ। त्यस्तै उक्त प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई नगद दश हजार र विधागत तर्फ सर्वाधिक गोलकर्ता, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही रु पाँच हजार र सेमिफाइनल पछिका हरेक खेलका म्यान अफ द म्याच खेलाडीलाई जनही रु पाँच हजार नगद पुरस्कार प्रदान गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।

त्यसैगरी जिल्लाका १० वटै पालिकाको सहभागितामा जिल्लास्तरीय सी लेभल व्याडमिन्टन प्रतियोगिता फागुन १६ र १७ गते वडा नम्बर ४ स्थित ब्याडमिन्टन कभर्डहलमा सञ्चालन गरिने भएको छ।


## इक्यूभ्यालेन्सी सर्टिफिकेट हराएको सूचना

**म सन्दिप भुजेलको विरौटादेखि महेन्द्रपुल जानेक्रममा** CTEVT Equivalency Certificate **सहित अन्य कागजपत्र हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name: Sandip Bhujel
CTEVT Registration No: DAG-03404-020
Issue No : 202414879
**ठेगानाः विरौटा–१७, पोखरा**
**सम्पर्क नं. :** 9866345776

# गण्डकी प्रदेशको सात वर्ष

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**अधिकारको लागि निरन्तर पैरवी**

**नवप्रवर्तन साझेदारी कार्यक्रमबाट ३९ वटा स्थानीय तहसँग नवप्रवर्तन कार्यक्रमअन्तर्गत साझेदारी।**

**समन्वय, सहकार्य र साझेदारी**

-राष्ट्रिय समन्वय परिषद र अन्तरप्रदेश मुख्यमन्त्रीको पहिलो वैठक पोखरामा सम्पन्न । प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र, वित्तीय समानीकरण अनुदानको बजेट वृद्धि लगायतका विषयहरूमा साझा धारणा प्रस्तुत।

-चालु आ.व. सम्म मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट ३९ वटा स्थानीय तहसँग साझेदारी । नवप्रवर्तन क्षेत्रमा सञ्चालित परियोजनाहरू कार्यान्वयन गर्न स्थानीय तहसँग अन्तरक्रिया र स्थलगत अनुगमन गरी पृष्ठपोषणको साझा अभ्यास सुरु।

-प्रदेश समन्वय परिषद्को आठौं बैठकबाट प्रदेश र स्थानीय तहका साझा समस्या र चुनौतीहरू पहिचान गर्दै संघीय सरकारको ध्यानाकर्षण । प्रदेश दिगो विकास निर्देशक समितिको बैठकबाट दिगो विकासका कार्यसूचीलाई स्थानीयकरण गर्न निकायगत जिम्मेवारी प्रदान गरिएकोमा उपलब्धी एवं कार्यप्रगतिको प्रतिवेदन लिने प्रणाली स्थापित।

**शासकीय सुधार र सुशासन**

-पर्यटन र कृषि, शिक्षा र स्वास्थ्य, उद्यम र पूर्वाधारमा गण्डकीको सम्भावनाको उच्चतम प्रयोग गर्न, कान्तिपुर पब्लिकेसनसँगको सहकार्यमा ' गन्तव्य गण्डकी' कार्यक्रम आयोजना।

-संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको गण्डकी प्रदेशमा भ्रमण तथा जलवायु परिवर्तनमा नेपालले भोग्नुपरेको समस्याका बारेमा विश्व मञ्चको ध्यानाकर्षण गराउन सफल।

-मुख्यमन्त्री र चिनियाँ कम्युनिष्ट पार्टी (सिपीसी) तिब्बत स्वायत्त क्षेत्रका सेक्रेटरी वाङ छुङ्छेङबीच द्विपक्षीय हित र चासो सम्बन्धमा छलफल।



-सबै मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण। प्रदेशअन्तर्गतका १० वटा निकायका जीइएसआई अडिट।

बालअधिकारका न्यूनतम सूचक हासिल गरेका गल्कोट र बागलुङ नगरपालिका, बाग्लुङलाई बालमैत्री स्थानीय तह घोषणा।

**नीति तथा कानून निर्माण**

-प्रदेश निजामती सेवा ऐन, २०७९, प्रदेश निजामती सेवा नियमाली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र गण्डकी प्रदेश स्थानीय सेवा नियमावली, २०७९ बमोजिम प्रदेश एवं स्थानीय तहका कर्मचारीको पदपूर्ति, वृत्ति विकास, स्तरवृद्धि, सरुवा, बढुवा जस्ता गतिविधि सञ्चालन।

-विभिन्न ७२ वटा ऐन र २५ वटा नियमावली निर्माण।

-डिजिटल गण्डकी प्रदेशको अवधारणा स्वीकृत । डाटा डिजिटाइजेसन,अनलाइनमनिटरिङ सिस्टम र वेव पोर्टल निर्माण।

-गण्डकी प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा ६५ वटा स्थानीय तहमा न्यायिक सहजकर्ताको व्यवस्था।

-वैयक्तिक सूचना प्रणालीमा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका १६५ जना प्रदेश निजामती सेवाका कर्मचारीलाई कर्मचारी संकेत नं. (सिटरोल नं.) प्रदान।

-प्रदेश निजामती सेवामा रहने समूह तथा उपसमूहहरू, पदहरू, प्रदेश सचिवको पद, अधिकृत एघारौं तहमा रहने पदहरू प्रदेश किताबखाना (वैयक्तिक सूचना प्रणाली)मा दर्ता।

-उद्योग तथा पर्यटन मन्त्रालयअन्तर्गतका १२ वटा निकायको संगठन संरचना र दरबन्दी विवरण प्रदेश किताबखाना (वैयक्तिक सूचना प्रणाली) मा दर्ता गरिएको छ।

-यस कार्यालयको आयोजना र राष्ट्रिय किताबखाना (निजामती)को प्राविधिक सहकार्यमा वैयक्तिक सूचना प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न।

**गण्डकी प्रदेशमा प्रेस रजिष्ट्रार नियुक्त।**

-संघ सरकारबाट कर्मचारी समायोजन ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त हुन आएका दरबन्दीहरू यकीन गरी मन्त्रिपरिषद्बाट स्वीकृत समेत भई अभिलेखीकरण । २ हजार ६७९ दरबन्दीहरू प्राप्त।

**शान्ति सुरक्षा**

-प्रदेश सुरक्षा समन्वय समितिको बैठकबाट शान्ति सुरक्षाको बारेमा समन्वय र सहजीकरण।

-प्रहरी चौकी, प्रहरी तालिम केन्द्र, प्रहरी अस्पताल निर्माण लगायत कारागार कार्यालयको भौतिक संरचना मर्मत सम्भारको लागि आर्थिक सहयोग

**विपद् व्यवस्थापन**

-प्रदेश स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र तथा प्रदेश आपतकालीन कार्य संचालन केन्द्र एवं प्रदेश गोदामघरको स्थापना र संचालन।

-प्रदेश विपद् व्यवस्थापन कोषमा न्यूनतम १० करोड रहने व्यवस्था। ११ वटै जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम् १० रुपैयाँ लाख रहने व्यवस्था।

-जाजरकोट भूकम्पका पीडितलाई राहत स्वरूप कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा १ करोड र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख सहायता प्रदान।

## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

# धमाधम सडक, झोलुङ्गेपुल

**जनता आवास कार्यक्रमअन्तर्गत २ हजार ३५ परिवारले घर पाउँदै**

**सडक, सडक पुल तथा झोलुङ्गे पुलअन्तर्गत**

-प्रदेशभित्र हालसम्म पक्की (कालोपत्रे/ढलान) ९ सय २३ किलोमिटर र ग्राभेल ७ सय किमी सडक निर्माण सम्पन्न।

-एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमअन्तर्गत ३६ सडक आयोजनाको कुल लम्बाई ६ सय ७१ कि.मि. रहेकोमा हालसम्म २१५ किमी सम्पन्न र २ सय ३१ किमी सडक स्तरोन्नति गर्ने गरी कार्य भइरहेको छ।

-स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमको कुल लम्बाई ६ सय ७ किमी रहेकोमा हालसम्म २ सय १९ किमी सम्पन्न र २ सय १६ किमी सडक स्तरोन्नति जारी।

-हालसम्म केन्द्रसम्म सडक नजोडिएको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमिका केन्द्रमा सडक सञ्जाल पुर्‍याउने लक्ष्य अनुसार विस्तृत आयोजना प्रतिवेदन तयार । वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य स्वीकृत।

- सडक पुल कार्यक्रमअन्तर्गत १०४ वटा सडक पुलको निर्माण सम्पन्न । ६५ वटा सडक पुल निर्माणाधीन अवस्थामा । २५ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदन तयारीको प्रक्रियामा।

-झोलुङ्गे पुलअन्तर्गत ८४ पुलको निर्माण सम्पन्न तथा १७ वटा झोलुङ्गेपुलको निर्माणका लागि तयारी।

-प्रादेशिक सडक यातायात गुरुयोजनाको मस्यौदा तयार।

# सहरी विकास

**स्याटेलाइट सिटी कार्यक्रमतर्फको प्रगति विवरण**

१ भिमाद नगरपालिका, तनहूँ २०० मि. सडक ढलान र नाली कार्य सम्पन्न

२ शुक्लागण्डकी नगरपालिका, तनहूँ वडा नं ८ मा नगरस्तरीय रङ्गशाला निर्माणको लागी ठेक्का सम्झौता

३ मध्यनेपाल नगरपालिका, लमजुङ १७५ मि. सडक ढलान र नाली कार्य सम्पन्न

४ कुश्मा नगरपालिका, पर्वत वडा नं ९ र १३ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न

५ फलेवास नगरपालिका, पर्वत वडा नं.२ र ११ को वडा कार्यालय भवन निर्माणाधीन

६ पुतलीबजार नगरपालिका, स्याङ्जा वडा नं ९ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न

- महेन्द्र गुफा वृहत् आयोजना निर्माण कार्यक्रम सम्पन्न भइ व्यवस्थित पर्यटकीय गन्तव्यको रूपमा विकास भएको छ।

**जनता आवास कार्यक्रम**

-दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न भइ घर निर्माण सम्पन्नको चरणमा।



**भवन निर्माण**

-कास्कीस्थित बयाली मनकामना बहुउद्देश्यीय सामुदायिक भवन, पर्वतस्थित जयमा आमा समूह, तनहुँस्थित छिम्केश्वरी सामुदायिक भवन लगायत विभिन्न जिल्लाका संघसंस्थाको भवन निर्माण र मर्मतसम्भार कार्य सम्पन्न।

-प्रदेश र स्थानीय तहको सहलगानीमा कास्कीको माछापुच्छे, स्याङ्गजाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङ्गको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङ्गको घरपझोङ्ग गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण।

-कास्कीस्थित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य अन्तिम चरणमा।

-गण्डकी प्रदेश सभा भवन निर्माणको लागि निर्माण व्यवसायीसँग सम्झौताको चरणमा।

-गण्डकी प्रदेशको भवन निर्माण तथा बस्ती विकास विधेयक मस्यौदासरोकारवालासँगछलफल जारी।

**यातायात व्यवस्थापन**

-पोखराको पृथ्वीचोकमा ड्राइभिङ्ग परीक्षण केन्द्र निर्माण सम्पन्न । यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र) कास्कीको आफ्नै जग्गामा भवन बनाइ सेवा प्रवाह।

-कावासोती, नवलपरासी( ब.सु.पू.) र तनहुँको डुम्रेमा यातायात व्यवस्था कार्यालय स्थापना र संचालन।

-राजस्व तिरेकै दिनमा परीक्षणकालीन सवारी चालक अनुमतिपत्र दिने व्यवस्था।

-यातायात व्यवस्था कार्यालय सवारी, कास्कीका सम्पूर्ण फाइल ढड्डा डिजिटाइजेसन गरी यातायात व्यवस्था सेवालाई अनलाइन प्रणालीमा लैजाने तयारी।

-यातायात कार्यालयहरूको भौतिक पूर्वाधार विकास र परिसर सुधार गर्ने कार्य निरन्तर।

-यातायात व्यवस्था कार्यालय डुम्रे, नवलपरासी(ब.सु.पू.) र बागलुङबाट नयाँ सवारी साधनको दर्ता अनलाइनबाटै । पुरानो सवारी साधनको दर्तालाई समेत पेपर कार्ड इन्ट्री गरी डिजिटलमा रुपान्तरण।

-ट्रायल पास भएपछि कास्कीमा १० र अन्य कार्यालयमा ७ दिनभित्र राजस्व तिर्ने व्यवस्था।

-राइड शेयरिङलाई व्यवस्थित तथा नियमन गर्न राइड शेयरिङसम्बन्धी कार्यविधि तर्जुको क्रममा।

-स्मार्ट लाइसेन्स कार्ड प्रदेशले नै छपाइ गर्न नेपाल सरकारसँग समन्वय गरी पहल भइरहेको छ।

-यातायात क्षेत्रबाट चालु आ.व.को पुस मसान्तसम्म १ अर्ब १४ करोड ८६ लाख ४९ हजार ३ सय ४८ रुपैयाँ राजस्व संकलन।

## उद्योग, वाणिज्य तथा आपूर्ति

# वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम

- स्थापनाकालदेखि हालसम्म प्रदेशमा ३७ हजार ९सय ८ उद्योग तथा ३५ हजार ७ सय ७९ नयाँ व्यापार व्यवसाय दर्ता।

-१४ हजार २ सय ७९ जनालाई उद्यम विकास तालिम र उद्यमी तथा स्वरोजगार बन्नका लागि १४ हजार ७ सय ८२ जनालाई विभिन्न किसिमका सीपमूलक तालिम प्रदान।

-१ हजार ५५३ जना उद्यमीहरूलाई विभिन्न मेशिन औजार (प्रविधि हस्तान्तरण) सहयोग।

-पोखरा ३३ को पुँडीटार र नवलपरासी (बर्दघाट सुस्तापूर्व) को लोकाहा खोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयार।

वातावरणीय प्रभाव मूल्यांकन प्रक्रिया सुरु।

-डिजिटल गण्डकीको नीति अनुरूप ६७ हजार ७ सय ८६ उद्योग तथा ६७ हजार ४ सय ६६ वाणिज्य फर्महरू समेत जम्मा १ लाख ३५ हजार २ सय ५२ फर्महरूको विद्युतीय अभिलेखन।

-'एक स्थानीय तह, एक उद्योगग्राम' अन्तर्गत घोषणा भएका २९ स्थानीय तहमा पूर्वाधार विकास तथा निर्माणको काम जारी । गण्डकी प्रदेश सरकारले २५ वटा उद्योग ग्राममा ९ करोड ५० लाख आर्थिक सहयोग प्रदान।

- आ.व. २०८१/०८२ मा पाँचवटा स्थानीय तहमा वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धनको पाइलट कार्यक्रम संचालन।

## आर्थिक मामिला मन्त्रालय

# आम्दानीको बाटो खोज्दै अर्थ

**आर्थिक वर्ष २०७५/७६ देखि २०८०/०८१ सम्मको वित्तीय विवरण निम्न अनुसार रहेको छ।**

| आ.व. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६ | चालु | १,१३,७१४ | ३९,८३७ | ३५.०३ |
| | पूँजीजीगत | ४६०२३ | ३३,१७८ | ७२.०९ |
| | जम्मा | १,५९,७३७ | ७३.१५ | ४५.७१ |
| २०७६/७७ | चालु २१,९३,३१ | ६,४०,९९ | २९.२२ | |
| | पूँजीगत | २,२३,५० | १,४२,६८ | ६३.८४ |
| | जम्मा | २४,१६,८१ | ७,८३,६७ | ३२.४३ |
| २०७७/७८ | चालु १,८१,९७५ | ६०,१४६ | ३१.४३ | |
| | पूँजीगत | ९,९०० | १२,६२० | ८४.१३ |
| | जम्मा | १,९१,३७५ | ७२,७६६ | ३५.२६ |
| २०७८/७९ | चालु | १,६०,०९४ | ७६,३७० | ४७.७ |
| | पूँजीगत | १३,२०० | ५,५२० | ४१.८२ |
| | जम्मा | १,७३,२९४ | ८१,८९० | ४७.२६ |
| २०७८/७९ | चालु १,०९,१९६ | ८२,२३४.४ | ७५.३१ | |
| | पूँजीगत | ९,९२६.४ | ७,९६९.१८ | ८०.२८ |
| | जम्मा | १,१९,१२२.४ | ९०,२०३.६ | ७५.७२ |
| २०७९/८० | चालु | १,०९,१९६ | ८२,२३४.४ | ७५.३१ |
| | पूँजीगत | ९,९२६.४ | ७,९६९.१८ | ८०.२८ |
| | जम्मा | १,१९,१२२.४ | ९०,२०३.६ | ७५.७२ |
| २०८०/०८१ | चालू | २,४२,८४८ | ६९,१२० | ४८.३८ |
| | पूँजीगत | ८,७०० | ४,११८ | ४७.३३ |
| | जम्मा | १,५१,५७८ | ७३,२३८ | ४८.३२ |
| २०८१/८२ | चालु | १३१६०५८२ | ३०६३४०४ | २३.२८ |
| | पुँजीगत | १९५१७९९३ | ३३२१३३६ | १७.०२ |
| | वित्तीय | ३००००० | ० | ०.०० |
| जम्मा: | ३२९७८५७५ | ६३८४७४० | १९.३६ | |

**मुख्य कार्यक्रमहरूको उपलब्धीको विवरण**

-एकीकृत वित्तीय विवरण तयार गरी प्रकाशित।

-वार्षिक बजेट समीक्षा गरी प्रकाशन।

-बजेट तथा कार्यक्रमको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार।

-बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया।

-बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा प्रदेश सभा सदस्यहरूसँग छलफल तथा अन्तर्क्रिया।

-गण्डकी प्रदेशको सामाजिक-आर्थिक विश्लेषण तयारी र प्रकाशन।

-गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण तयारी र प्रकाशन।

-बजेटका सिद्धान्त र प्राथमिकता तर्जुमा र प्रकाशन।

-वार्षिक विकास कार्यक्रम तर्जुमा र प्रकाशन।

-बजेट वक्तव्य तर्जुमा र प्रकाशन।

-विनियोजन ऐन र आर्थिक ऐन तर्जुमा र प्रकाशन।

-बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि निर्माण।

-स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड निर्माण।

-गण्डकी प्रदेश आन्तरिक लेखापरीक्षण निर्देशिका निर्माण र प्रकाशन।

## उद्योग तथा पर्यटन मन्त्रालय

# गर्जियस गण्डकी : ग्रामीण पर्यटन विकासमा जोड

**पर्यटन**

-ग्रामीण पर्यटनको विकास एवं प्रवर्द्धनका लागि हालसम्म ३३४ होमस्टे, विभिन्न सामुदायिक भवन, स्वागतद्वार, सांस्कृतिक संग्रहालय, पदमार्ग (२४० कि.मी.), पार्कको पूर्वाधार निर्माण।

-प्रदेशको पर्यटन प्रवर्द्धन गर्न ' गर्जियस गण्डकी' को ब्रान्डिङ।

-गण्डकी प्रदेशका ११० प्रमुख पर्यटकीय गन्तव्यहरू समेटेर पुस्तिका प्रकाशन।

-गण्डकी प्रदेशका मुख्यमुख्य १३८ वटा हिमश्रृखलाहरूको प्रोफाइल तयार । पोखराको ड्यामसाइडमा साइन पोष्ट निर्माण।

-नवलपरासी (ब.सु.पू.), पर्वत, तनहुँ र म्याग्दीका मुख्यमुख्य पर्यटकीय गन्तव्यहरूको डिजिटल प्रोफाइल तयार गरेर प्रचारप्रसारको सुरुवात।

-प्रदेशका सबै जिल्लामा पर्यटन विकासका लागि ११ पर्यटकीय स्थलको डीपीआर तयार गरी क्रमशः कार्यान्वयनको सुरुवात।

-पोखरालाई मिति २०८०।१२।०४ गते पर्यटनको राजधानी सहर घोषणा।

स्वास्थ्य मन्त्रालय

# गाउँगाउँमा स्वास्थ्यकर्मी, विशिष्ठीकृत सेवा

**७३३ जना क्यान्सरका बिरामीलाई २ करोड ३५ लाख ८९ हजार १ सय ४ रुपैयाँ बराबरको उपचार सहायता**

-आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई गण्डकी प्रदेश सरकारको निर्णयबाट ५० शैयामा स्तरोन्नति गरी आँपपिपल अस्पताल र बुर्तिबाङ अस्पताल कायम गरेर बजेट तथा कार्यक्रम सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था भएको छा उक्त अस्पतालहरूमा प्रति अस्पताल ९ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न।

-गण्डकी प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा।

-स्वास्थ्य मन्त्रालय मातहतका ३९ निकायहरूको कार्य प्रकृतिको आधारमा नाम संशोधन गरी एकरूपता कायम।

-गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बागलुङलाई २५ शैया अन्तरंग सेवासहित स्तरोन्नति गरी गण्डकी आयुर्वेद अस्पताल र धौलागिरी आयुर्वेद अस्पताल कायम गरिएको।

-अस्पताल लमजुङलाई प्रदेश सरकार मातहात सञ्चालन ल्याइ ९ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत ।

-मातृशिशु मितेरी प्रादेशिक अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा सुरुवात।

-प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा स्वास्थ्य बीमा कार्यक्रम लागू। जनरल सेवा विस्तारको लागि थप विशेषज्ञ जनशक्तिको व्यवस्था।

-प्रदेश सरकार मातहतका अस्पतालहरू (मनाङ बाहेक) मा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार।

-प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (आइसीयू)सेवा।

-समुदाय स्तरमा आर्टीफिसियल इन्टलिजेन्स जडित एक्सरे प्रयोग गरी क्षयरोगको जोखिम समूहका ४ हजार ८ सय ९२ जनाको स्क्रिनिङ। ६९ जना नयाँ एवं थप १५ जना औषधि प्रतिरोधी क्षयरोगका बिरामी पहिचान।

-उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको समुदायस्तरमा परीक्षण गरी समयमै निदान गर्ने गरी स्क्रिनिङ कार्यक्रम संचालन।



-क्यान्सर उपचार सहायता कार्यक्रमअन्तर्गत नेपाल सरकारबाट उपलब्ध हुने सहायता रकमका अलावा गण्डकी प्रदेश सरकारबाट थप एक लाख रकम उपलब्ध गराउने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौंसँग सम्झौता। चालु आ.व.को माघ १० गतेसम्म गण्डकी प्रदेशका ७३३ जना क्यान्सरका बिरामीलाई २ करोड ३५ लाख ८९ हजार १ सय ४ रुपैयाँ बराबरको उपचार सहायता प्राप्त।

-प्रदेशका बिरामीलाई रगत तथा रगतजन्य सेवा निःशुल्क उपलब्ध।

-गण्डकी प्रदेश भित्र सरकारी ९ वटा र निजी ६ वटा गरी जम्मा १५ वटा स्वास्थ्य संस्थाबाट ८०४ जना बिरामीले डायलायसिस सेवा। चालु आ.व.को दोस्रो त्रैमासिकसम्म २०,५०० पटक डायलाइसिस सेवा प्रवाह। जसबाट बिरामीको करिब १६ करोड ५० लाख रकम बचत।

प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा आवश्यक जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन गरी २५ शैय्या क्षमताको डायलाइसिस केन्द्र संचालन कार्यलाई थप व्यवस्थित।

-प्रदेश अस्पताल बागलुङ, गोरखा, म्याग्दी, लमजुङ, नवलपरासी (ब.सु.पू.) र तनहुँमा मनोसामाजिक विमर्श सेवा प्रदान।

-प्रदेश अस्पताल मनाङ र मुस्ताङमा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म विस्तारित इएम् सेवाको सुरुवात। म्याग्दी, पर्वत, लमजुङ, स्याङ्जा, तनहुँ, गोरखा र नवलपरासी (ब.सु.पू.) जिल्ला स्थित प्रदेश अस्पतालमा विस्तारित सेवाको कार्यक्रमलाई निरन्तरता।

-प्रदेश अस्पताल गोरखामा १८ जनाको र धौलागिरी प्रादेशिक अस्पतालमा १४ जना ल्याप्रोस्कोपिक सर्जरी (पित्त थैलीको पत्थरी) भएको छ भने लमजुङ, तनहुँ, बागलुङ र नवलपरासी (ब.सु.पू.) स्थित प्रदेश अस्पतालमा गरी जम्मा २६ जना पाठेघर खसेका महिलाको निःशुल्क शल्यक्रिया।

-प्रदेश अस्पताल, तनहुँमा सञ्चालित हेमोडायलाइसिस सेवालाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न व्यास न.पा.-१०, दुम्सी बजार स्थित व्यास नगर अस्पतालमा स्थानान्तरण गरी तनहुँ अस्पतालकै व्यवस्थापनमा सेवा सञ्चालन हुने व्यवस्था मिलाइएको छ।

-प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई प्रदेशको रणनीतिक स्थानहरूमा विस्तार गर्न नक्साङ्कन (ल्याब्रोटरी म्यापिङ)

-प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २२ प्रकारका, नवजात शिशु एवं बाल रोगको ११ प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि ४५ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधि निःशुल्क वितरण गरिएको छ।

-संघीय सरकारबाट थप २ जनासमेत ६७ जना सुत्केरी महिलाको हवाइ उद्धार।

- ६ हजार ५सय ४७ गर्भवती दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली संचालनमा। स्थानीय तहको साझेदारीमा पूर्वप्रसूति र उत्तरप्रसूति( एएनसी एण्ड पीएनसी) का लागि घरघरमा स्वास्थ्यकर्मी सेवा संचालन।

-अर्मन स्वास्थ्य चौकी म्याग्दी, रेश स्वास्थ्य चौकी बागलुङ, भुकताङ्गले स्वास्थ्य चौकी पर्वत, मग्याम चिसापानी स्वास्थ्य चौकी स्याङ्जा, मुचोक स्वास्थ्य चौकी गोरखा र गौडा प्राथमिक स्वास्थ्य केन्द्र, लमजुङ) मा गर्भवती महिलाका लागि ग्रामीण अल्ट्रासाउन्ड सेवा बिस्तार।

-गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा सुरु।

-६६ स्थानीय तहका ६७३ वटा स्वास्थ्य संस्थाबाट वास्तविक समय प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा। सबै अस्पतालमा विद्युतीय मेडिकल रेकर्ड सिस्टम लागू।

-स्थानीय तहसँगको समन्वयमा ७० स्थानीय तहमा पारिवारिक स्वास्थ्य विवरण तयार। हालसम्म ३ लाख २२ हजार ७ सय ७४ परिवकारका १२ लाख २१ हजार ५ सय ७१ लाई संकेत नम्बर प्रदान।

-९ सय ३५ वटा प्रतिशत स्वास्थ्य संस्थाहरुमा विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली लागू।

-डेंगु रोगको प्रकोप नियन्त्रण एवं व्यवस्थापनको लागि समुदायस्तरमै लामखुट्टेको बासस्थान 'खोज र नष्ट गर' अभियान संचालन। प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थामा १६ हजार १ सय ६२ किट प्रदान। डेंगु रोगको निःशुल्क परीक्षण र उपचारको व्यवस्था।

-प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शीघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली कार्यान्वयनमा।

-शहीद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाइते, ख वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाइसिस सेवा लिने मृगौला पीडित परिवारका सदस्यहरूको निःशुल्क स्वास्थ्य बिमा।

-१० वर्षभन्दा मुनि र ६० वर्षभन्दा माथिको व्यक्तिलाई सरकारी अस्पतालमा हुने प्रयोगशाला परीक्षण

-११ जिल्लाका विभिन्न १८ वटा विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन।

-मुस्ताङ जिल्लाको मुक्तिनाथमा हाई अल्टिच्युट सिक्नेस उपचार केन्द्र सञ्चालन।

वन तथा वातावरण मन्त्रालय

# ६७ वटा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम

- २ ५ हजारभन्दा बढी महिला, दलित र जनजातिसमेत समावेश भएका समुदायमा आधारित वन समूहमा ५० हजार जनाभन्दा बढी व्यक्तिहरू समावेश। करिब १२ लाख क्यू .फिट काठ र २५ हजार चट्टा दाउरा उत्पादन। ३ अर्व ८० करोडभन्दा बढी रकम समूहको कोषमा।

-वन पैदावार बिक्री, जडीबुटी संकलन र अन्य कार्यबाट रु.१ अर्व १३ करोड ५० लाख १२ हजार ३ सय ८८ राजश्व संकलन।

-राष्ट्रिय वन तथा निजी वनबाट करिव ६५ हजार क्यु. फिट काठ, १२ हजार १ सय ४३ चट्टा दाउरा उत्पादन। ८ लाख २ हजार ६ सय २९ किलोग्राम जडीबुटी उत्पादन तथा संकलन।

-डिभिजन वन कार्यालयहरूमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गरी विभिन्न प्रजातिका कुल ८७ लाख २ हजार १ सय ४२ विरुवा उत्पादन तथा निशुल्क वितरण।

-विभिन्न स्थानीय तहमा २ सय २८ वटा हरित उद्यान स्थापना र ६७ वटा सामुदायिक वनमा पर्यापर्यटनका कार्य सञ्चालन।

-प्रदेशभर ७६ वटा वर, पीपल, समी र चौतारोको निर्माण, मर्मत सम्भार र सौन्दर्यकरण।

-४९ वटा स:मिल, ८ सय ५० वटा फर्निचर, १९ वटा जडीबुटी प्रशोधन केन्द्र लगायतका वनजन्य उद्यम स्थापना।

-विभिन्न प्रजातिका १० वटा बन बीउ बगैंचा ( को व्यवस्थापन।

-विभिन्न प्राथमिकता प्राप्त ५५ वटा आयोजनालाई ५ सय २६ हेक्टर वन क्षेत्र उपलब्ध गराउन र भोगाधिकारका लागि सिफारिस।

-१०.३ हेक्टर वन अतिक्रमण नियन्त्रण।

-हरियाली प्रवर्द्धन, दैनिक जीवनयापन तथा क्षतिग्रस्त भूमि संरक्षण कार्यका लागि करिव २ हजार १०० हेक्टर क्षेत्रफलमा वृक्षारोपण।

-४ हजार २ सय ५० वन्यजन्तुको उद्धार।

-वन्यजन्तुबाट भएको क्षतिको राहत स्वरूप पीडितलाई ९ करोड ६० लाख राहत वितरण।

-रामसारमा सूचीकृत पोखरा उपत्यका ताल क्लष्टरका नौ ताल समेत ४५ वटा तालमा संरक्षण र पूर्वाधार निर्माण।

-३६० भन्दा बढी गल्छी पहिरो नियन्त्रण, ९० स्थानमा ३५ किलोमिटर खोला किनारा संरक्षण, २०० जलाधार संरक्षण पोखरी, १२८ पानी मुहान संरक्षण, ४० वटा सिँचाइ कुलो निर्माण तथा मर्मत, ३० किमी सडक पाखा संरक्षण, ३० वटा संवेदनशील जलाधार क्षेत्रको संरक्षण लगायतका कार्य सम्पन्न भई करिव १०० हेक्टर खेती योग्य जमिन संरक्षण, ९० हेक्टर क्षतिग्रस्त भूमि पुनर्स्थापना।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# पढ्नेलाई छात्रवृत्ति,अनुसन्धान गर्नेलाई शोधवृत्ति

**शैक्षिक गुणस्तर अभिवृद्धिका लागि फ्राइडे फर फ्यूचर कार्यक्रम सुरु।**

-हिमाली तथा दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्न गोरखा, म्याग्दी र मुस्ताङका ४ नमुना विद्यालयमा आवासीय भवन निर्माण र २८० जना विद्यार्थीका लागि आवासीय छात्रवृत्ति प्रदान।

-गण्डकी प्रदेश सरकार र मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबिच भगिनी सम्बन्ध स्थापना भए पश्चात हेनान नर्मल विश्वविद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्न २० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त।

-गरिब, दलित, अल्पसंख्यक समुदायका एमबीबीएस, इन्जिनियरिङ्, कृषि र बन विज्ञान क्षेत्रमा छात्रवृत्ति प्राप्त ३० जना विद्यार्थीलाई उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति प्रदान। स्नातकोत्तर तहमा अध्ययनरत १८ जना विद्यार्थीलाई प्रति विद्यार्थी ३० हजार रुपैंया शोधवृत्ति सहयोग।

-३६ विद्यालयमा आदर्श विद्यालय विकास कार्यक्रमबाट २६ हजार २ सय ८० जना विद्यार्थी प्रत्यक्षरूपमा लाभान्वित।

गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान स्थापना। कोरियन सहयोग नियोग(कोइका) र प्रदेश सरकारवीच सम्झौता भइ भौतिक पूर्वाधार निर्माण कार्यको थालनी।

-गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानमार्फत् गण्डकी प्रदेशका स्नातकोत्तरमा शोध गर्ने १४ जना विद्यार्थीलाई अनुसन्धान वृत्ति, ६ जनालाई अनुसन्धान फेलोसिप एवं विज्ञान तथा प्रविधि विषय अध्ययनरत स्नातक तह पूरा गरी दुई वर्ष ननाघेका ११ जनालाई ईन्टर्नसीप सहयोग।

-बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रदेशस्तरीय आवासीय विद्यालय निर्माणमा सहयोग। उच्च शिक्षा अध्ययन गर्ने २०८ जना अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान।

-कोभिड-१९ का कारण अभिभावक गुमाएका १८९ जना बालबालिकाको पालनपोषण एवम् सिकाइ सहायताका लागि मासिक पाँच हजारका दरले राहत प्रदान।

-प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका १० वटा माध्यमिक विद्यालयमा सिक्दै कमाउँदै कार्यक्रमबाट १ हजार १ सय ४५ जना विद्यार्थी प्रत्यक्षरूपमा लाभान्वित।

-शैक्षिक गुणस्तर अभिवृद्धिका लागि फ्राइडे फर फ्यूचर कार्यक्रम सुरु।

गण्डकी प्रज्ञा प्रतिष्ठान तथा आर्ट ग्यालरी निर्माण। २४ प्रकारका लोक बाजाहरू, भाषा, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी प्रदेशका विभिन्न जनजातिको सामाजिक तथा सांस्कृतिक पक्षको अनुसन्धान तथा पुस्तक प्रकाशन।

-प्रदेश सरकारको सहयोगमा विभिन्न ३४ वटा सङ्ग्रहालयको संरक्षण तथा व्यस्थापन।

-त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम,नवलपरासी (वर्दघाट सुस्ता पूर्व) लगायत प्रदेशमा रहेका ४१५ मठ मन्दिर, गुम्बा, मस्जिद लगायत धार्मिक आस्थाका केन्द्रहरूको संरक्षण, प्रवर्द्धन र विकासका कार्य सञ्चालन।

-प्रदेश खेलकुद परिषद् स्थापना। 'एक स्थानीय तह-एक खेलमैदान' कार्यक्रम कार्यान्वयनमा।

-मुस्ताङ्गको बारागुङ्ग मुक्ति क्षेत्रमा उच्च उचाई खेलमैदानका लागि भौगोलिक र वातावरणीय पूर्व सम्भाव्यता अध्ययन।

-गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ९ जना खेलाडीलाई मासिक ५ हजारका दरले एकमुष्ट वार्षिक ६० हजार रकम उपलब्ध।

-लैङ्गिक हिंसा एवम् मानव बेचबिखन तथा ओसार पसारबाट प्रभावितका लागि प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनको पहल सुरु।

-सक्षम महिला समानान्तर पाइला कार्यक्रमअन्तर्गत ७२५ जना महिलालाई विभिन्न सीपमूलक तालिम संचालन तथा ३० जना महिला उद्यमीलाई प्रविधि सहयोग अनुदान उपलब्ध।

-हिंसा प्रभावित महिला तथा बालबालिकाको लागि तत्काल उद्धार संरक्षण तथा पुनःस्थापना गर्न तनहुँ, बागलुङ, गोरखा, स्याङ्जा, नवलपरासी (ब.सु.पू.), पर्वत र म्याग्दी जिल्लामा अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्र सञ्चालनमा।

-सडक बालबालिका व्यवस्थापनका लागि कास्की जिल्लास्थित अन्नपूर्ण गाउँपालिकामा प्रदेशस्तरीय दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन।

-प्रदेशस्तरमा शिशु स्याहार केन्द्र सञ्चालनमा। ।

-दृष्टिविहीन लक्षित अडियो लाइब्रेरी स्थापना तथा ५० वटा श्रव्य पुस्तक गण्डकी नेत्रहीन संघलाई हस्तान्तरण।

-अटिजम भएका बालबालिकालाई स्याहार गर्ने संस्था अटिजम केयर सोसाइटीमार्फत् ६० जना बालबालिका लाभान्वित।

-१५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माण र १६ वटा ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरूको पूर्वाधार सदृढीकरणमा सहयोग।

-गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश घोषणा र कार्यान्वयन।

-दलित समदुायको परम्परागत पेशा, कला र सिपको संरक्षण, संवर्द्धन र व्यवसायीकरणको लागि भगत सर्वजित सिप विकास कार्यक्रमबाट ३५ वटा समूहलाई परम्परागत पेशा तथा सिप प्रवर्द्धन गर्न सहयोग।







## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# सहकारीलाई कस्दै, उब्जनी र उत्पादकत्व बढाउँदै

-कृषकलाई उन्नत बीउ बिजन, गुणस्तरीय बेर्ना तथा आधुनिक प्राविधिक सेवा उपलब्ध गराउन स्रोत केन्द्रहरू, बीउ विजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला र भेटेरिनरी प्रयोगशालाको सुदृढीकरण तथा सेवा विस्तार।

-माटो तथा मल परीक्षण प्रयोगशालामार्फत् हेभी मेटल तथा बाली संरक्षण प्रयोगशालामार्फत सिट्रस ग्रिनिङको सुरुवात।

-कास्कीमा आधुनिक भेटेरिनरी मोडेल हस्पिटल निर्माण। तनहुँमा भेटेरिनरी मोडेल हस्पिटल निर्माणाधीन अवस्थामा।

- प शु प न्छी का े खोप उपलब्धता सुनिश्चित गर्नका लागि भ्याक्सिन बैंक सञ्चालनमा।

-प्रदेश क्षेत्राधिकारभित्रका सहकारी संघ/संस्थाको संख्या ९ सय ३९ वटा रहेकोमा २३ वटा सहकारी संस्था र एउटा प्रदेश कृषि संघ प्रदेशमा दर्ता। हालसम्म ५ सय १९ सहकारीको विवरण अद्यावधिक।

-समस्याग्रस्त सहकारी पहिचान गर्ने सन्दर्भमा २५ वटा सहकारी संघ/संस्था संख्याको अनुगमन, १६ वटा सहकारी संस्थाको वित्तीय विश्लेषण सहित छानविन र १२ वटा सहकारी संघ/संस्थालाई थप अनुसन्धानका लागि सम्वन्धित निकायमा लेखी पठाइएको।

८ वटा सहकारीलाई जरिवाना गरिएको, १२ वटालाई स्पष्टीकरण/सफाई माग/निर्देशन गरिएको, ९ वटाको विनियम संशोधन स्वीकृत गरिएको, कार्यालयको सम्पर्कमा नरहेका २५ वटा सहकारी संघ/संस्था पहिचान तथा खोजी गरिएको, ५ वटा सहकारी व्यवस्थापन तालिम र सहकारी लेखा व्यवस्थापन तालिम प्रदान।

-जग्गा चक्लाबन्दी कार्यक्रम मार्फत प्रदेशका ९ जिल्लाका २८ स्थानमा कुल ५ हजार ४ सय रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी। संलग्न ७ वटा कृषक समूह/कृषि सहकारीलाई यन्त्र उपकरण खरिदमा सहयोग।

-लमजुङको दुधपोखरी गा.पा.-२ मा बस्ती विकास कार्यक्रम सञ्चालन मार्फत् ८१ रोपनी जग्गा एकीकृत गरी एकीकृत बस्तीको लागि जग्गा विकास।

-कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यक्रमतर्फ १ सय वटा कन्ट्रोल पोईन्ट स्थापना गरिएको, २ सय कि.मी. बाटोको फिल्ड सर्भे सम्पन्न गरी १६ कि.मी. बाटोको लगत तयार गरी लगत कट्टीका लागि आवश्यक प्रकृया अगाडि बढाइएको।

-प्रदेश भित्रका सबै स्थानीय तहका ८७ स्थानमा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालनमा। हालसम्म १ सय ७ हेक्टर जग्गामा बेमौसमी तरकारी खेती, २ सय ८० हेक्टरमा सुन्तलाजात फलफूल, १९ हेक्टरमा चिया/कफी, २६ हेक्टरमा अलैची, २ हेक्टर अदुवा/बेसार खेती विस्तार।

-पशुपंक्षीतर्फ वंगुर, बाख्रा, कुखरापालनको लागि साना ठूला गरी ७ सय ९६ वटा आधुनिक खोर निर्माणमा सहयोग।

-व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्ने उद्देश्यले ३ हजार ३ सय २० वटा व्यावसायिक कृषि तथा पशुपन्छी फार्म स्थापना तथा विस्तार गरी ३ हजार ९ सय १४ जना व्यक्ति स्वरोजगारी सिर्जना।

-आ.व. २०७९/८० सम्म गण्डकी प्रदेशलाई प्राप्त ३.०२ % रासायनिक मल वितरणको कोटामा वृद्धि भई आ.व. २०८०/८१ देखि ४.९% निर्धारण भएकोले अनुदानको रासायनिक मलको आपूर्तिमा सहजता।

-स्याउ विशेष कार्यक्रममार्फत् १ हजार ४ सय ७७ रोपनीमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैँचा विस्तार। ५ सय २७ रोपनी क्षेत्रफलमा ओखर वगैंचा र ६ हेक्टर क्षेत्रफलमा खुर्पानी बगैँचा विस्तार। ६०० जना व्यक्तिलाई रोजगारी सिर्जना।

-कुल ६ हजार १ सय २२ मे.टन क्षमताका ७ वटा कोल्ड स्टोर साथै ७६ वटा कोल्ड रुम निर्माणमा सहयोग।

-गोरखा, स्याङ्गजा र कास्कीमा ४ वटा प्राङ्गारिक मल कारखाना तथा एउटा बायोचार उत्पादन कारखानाको संरचना निर्माणका लागि सहयोग।

-माटो तथा मल परीक्षण प्रयोगशालाबाट माटो जाँचको आधारमा माटोको अम्लीयपना सुधार गर्न मिसन कृषि चुन कार्यक्रमअन्तर्गत ७ सय २६ मे.ट. कृषि चुन कृषक समूह/सहकारीलाई उपलब्ध गराइएको छ।

-प्रशोधनयोग्य आलु उत्पादन र चैते धान प्रवर्धन आयोजना संचालनमार्फत् क्रमशः २ सय ८२ हेक्टर र ८ सय १४ हेक्टरमा ६ हजार ३ सय १८ मे.टन प्रशोधनयोग्य आलु तथा ३ हजार ६ सय ६३ मे.ट. चैते धान उत्पादन।

चालु आ.व.मा यस कार्यक्रमबाट ८ सय ३५ हे.मा आलु र १ हजार ५० हे. मा चैते धान उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालनमा।

-प्रदेशस्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममार्फत् हालसम्म २ जना सर्वोत्कृष्ट र ६ जना उत्कृष्ट कृषकलाई पुरस्कृत।

- प्र धा न म न्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत् प्रदेशमा हालसम्म पुरानो र नयाँ गरी ४ सय ५९ वटा पकेट र ३ सय ९ वटा ब्लक स्थापना।

-पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (सन् २०२२ देखि २०२९) मार्फत् आयोजना अवधिमा प्रदेशका १० वटा जिल्ला र ३४ वटा स्थानीय तहमा २ हजार ५ सय हेक्टर फलफूल बगैँचा विस्तार गर्ने उद्देश्य लिइएकोमा हालसम्म २ सय ४२ हेक्टर क्षेत्रफलमा बगैंचा विस्तार सम्बन्धी कार्य अगाडि बढेको।

-ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रमअन्तर्गत खाद्यान्न प्रशोधनतर्फ ६ वटा, मह प्रशोधनतर्फ ३ वटा, तरकारी प्रशोधन (मस्यौरा बनाउने, आलु चिप्स बनाउने) तर्फ ४ वटा, अचार/मसला प्रशोधन तर्फ २ वटा, फलफूल प्रशोधन (जुस बनाउने) तर्फ एउटा र च्याउ प्रशोधन (सुकुटी बनाउने) तर्फ एउटा गरी १६ वटा साना उद्योग सञ्चालनमा उद्यमीलाई सहयोग उपलब्ध गराइएको।

-कृषि ऋणको ब्याज अनुदान कार्यक्रम कार्यान्वयनमा ,कृषि बीमामा निःशुल्क बनाइ प्रोत्साहन , रैथाने बाली संरक्षण तथा प्रवर्धनात्मक कार्यक्रम, ग्रामीण पोषण सुरक्षा कार्यक्रम निरन्तर कार्यान्वयनमा।

-राष्ट्रिय फल सुन्तलाको उत्पादन प्रवर्द्धनका लागि ३ सय २० हेक्टरमा बगैँचा सुदृढीकरण कार्यक्रम सञ्चालन।

-जातीय सुधारका लागि याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्बोचेबाट उच्च नश्लका १९ वटा याक खरिद गरी मुस्ताङमा १० वटा र मनाङमा ९ वटा याक वितरण गरिएको।

-'पशुमा पूर्ण खोप कार्यक्रम' मार्फत् अभियानको रूपमा पशुमा लाग्ने ६ वटा संक्रामक रोगहरू (खोरेत, भ्यागुते र चरचरे, पि.पि.आर. तथा रेबिज) विरुद्ध वृहत् खोप कार्यक्रम सबै स्थानीय तहमा विस्तार लम्पीस्किन रोग तथा अफ्रिकन स्वाईन फिभर नियन्त्रण गर्न खोपको प्रबन्ध।

-उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रममार्फत् ९ करोड ५० लाख लिटर दुधमा अनुदान। ५ हजार ६ सय ८४ किसान लाभान्वित। ४६ वटा दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग।

-पाडीबाच्छी हुर्काउने कार्यक्रममार्फत् हालसम्म ६ हजार ३२ वटा पाडीबाच्छी हुर्काउन प्रोत्साहन प्रदान। ४० हेक्टर क्षेत्रफलमा माछापालन विस्तार।

-छाडा पशु वस्तु तथा वन्यजन्तु नियन्त्रण गर्न पशु कल्याण सहयोग कार्यक्रम कास्की, नवलपरासी (ब.सु.पू.), स्याङ्जा र पर्वत गरी ५ स्थानमा संरचना निर्माणमा सहयोग।

## ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

# लिफ्ट खानेपानी र सिंचाइमा विद्युत महसुल छुट

-प्रदेश सरकार गठन हुँदा राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जा मार्फत् विद्युतमा पहुँच पुगेका घरधुरी ८७.९० प्रतिशत रहेकोमा हाल वृद्धि भई ९९.५५ प्रतिशत पुगेको छ। विद्युत सुविधा पुग्न बाँकी रहेका ०.४५ प्रतिशत घरधुरीलाई राष्ट्रिय प्रसारण लाईनको पहुँचमा ल्याउनका लागि बागलुङ, नवलपरासी(ब.सु.पू.) र तनहुँ जिल्लामा संचालित योजनाहरू अन्तिम चरणमा पुगेका छन्।

- ९२ वटा लघु जलविद्युत् आयोजनाको मर्मतसम्भार गरी जम्मा ३ हजार ४सय ३३ किलोवाट विद्युत् नियमित गरी १६ हजार ८६ घरधुरी लाभान्वित।

-स्याङ्जाको ९८ किलोवाट क्षमताको पुतपुते खोला दोस्रो लघु जलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण लाइनसँग जोडिएको छ।

-हालसम्म राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका गोरखा, म्याग्दी, मनाङ, मुस्ताङ र बागलुङ जिल्लाका १ हजार ५ सय ९६ घरधुरीमा प घरेलु सौर्य ऊर्जा प्रविधि जडान।

-गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालय, कार्यालय, स्वास्थ्य चौकी तथा सामुदायिक विद्यालयहरूमा गरी कूल २ सय ४१ किलोवाट पिक क्षमताको संस्थागत सौर्य ऊर्जा प्रविधि जडान।

-३० हजार ४ सय ८१ वटा विद्युत वितरण लाईनमा रहेका जीर्ण काठेपोल प्रतिस्थापनमार्फत् १ लाख ४९ हजार ४ सय ६७ जना लाभान्वित।

-गण्डकी गाउँपालका-८, पालुङटार नगरपालिका-५, गोरखा नगरपालिका-१०, पोखरा महानगरपालिका-२७, वालिङ नगरपालिका-८ र देवचुली नगरपालिका-१ र १४ मा गरी जम्मा २ सय ९५ थान सौर्य सडक बत्ती र स्मार्ट सडक बत्ती जडान।



-सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्यूववेल आयोजनाहरू कार्यान्वयनबाट जम्मा ६ हजार ३ सय ८४ हेक्टर जमिनमा नयाँ सिंचित कमाण्ड क्षेत्र विस्तार।

७ वर्षको अवधिमा स्याङ्जाको चापाकोटटार, तनहुँको अत्रौलीपुट्टार, पर्वतको फलेवास र लमजुङको रम्घाटार गरी ४ वटा महत्वपूर्ण सिँचाइ प्रणालीको नवीकरण कार्य सम्पन्न। कुल १ हजार ८ सय १५ हेक्टर जमिनमा सिँचाइ सुविधा। परम्परागत कृषक कुलोको सुधार, स्तरोन्नति तथा पुनर्स्थापनाबाट २७ हजार ३ सय ५९ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा।

-चालु आ.व.को पौष सम्ममा नयाँ आयोजनको विकासबाट १ सय हेक्टर, मौजुदा सिँचाइ प्रणालीहरूको पुनर्स्थापना तथा सुधार, कृषक कुलो सुधार र स्तरोन्नतिबाट जम्मा १ सय ५८ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलव्ध।

-स्याङ्जा जिल्लाको गल्याङ नगरपालिकाको लबरकोटमा हाइड्रोलिक पम्प जडान गरी बाह्य उर्जा बिना नहरको पानीबाट ६ लिटर प्रति सेकेण्ड पानी ७० मिटर माथिको डाडामा तानेर करिव ८ हेक्टर जमिनमा सिँचाइ गर्ने कार्यको परिक्षण सफल।

तनहुँ जिल्लाको व्यास नगरपालिका १०, दुम्सीचौरमा १० मिटर उचाइको बहुउद्देशीय जलाशयको निर्माण कार्य प्रारम्भ।

-सामुदायिक लिफ्ट सिँचाइ योजनामा शतप्रतिशतसम्म विद्युत महसुल अनुदानको व्यवस्था।

-गोरखाको दरौदी नदी, मुस्ताङ्गको कालीगण्डकी, कास्कीको अर्मला क्षेत्र संरक्षण र कालीखोला, तनहुँको मादी नदी, नवलपरासी(ब.सु.पू.)को गिरूवारी खोला र स्याङ्जाको आँधिखोलामा व्यवस्थित तटबन्ध निर्माण।

नदी नियन्त्रण/तटबन्ध सम्बन्धी योजनाहरू हालसम्म १ सय २८ किलोमिटर तटबन्ध निर्माण तथा ३ हजार ३ सय ७३ हेक्टर जग्गा उकास।

- प्रदेश सरकारले घोषणा गरेको 'एक घर-एक धारा' कार्यक्रम अन्तर्गत हालसम्म गण्डकी प्रदेश सरकारबाट १ लाख ५२ हजार ४ सय २ निजी धारा जडान गरी ६ सय ९७ हजार २ सय ३४ जना लाभग्राही लाभान्वित। प्रदेशका ६४% घरधुरीमा निजी धारा जडान।

- राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमअन्तर्गत हालसम्म ११ वटा स्थानीय तहको खानेपानी सुविधा सम्बन्धी तथ्याङ्कको संकलन। ७३ वटा स्थानीय तहसँग त्रिपक्षीय सम्झौता।

-सामुदायिक लिफ्ट खानेपानी आयोजनामा खपत हुने विद्युत महशुलमा शतप्रतिशतसम्म विद्युत महसुल अनुदानको व्यवस्था।








